जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४४ • २०८१ साल माघ १६ गते बुधवार (29 January, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

### प्रदेश प्रहरी समायोजनः
## एक तह बढुवाको प्रस्ताव

**टुडे समाचारदाता**

काठमाण्डु । प्रदेश प्रहरी समायोजन नहुँदा प्रदेशमा शान्ति सुरक्षाको व्यवस्था खुकुलो भएको भन्दै प्रदेश सरकारले प्रहरी र प्रशासनका लागि पटकपटक आन्दोलनसमेत गर्दै आएका छन् ।

केही दिन अघि पोखरामा भएको सात वटै प्रदेशका मुख्यमन्त्रीसहितको प्रधानमन्त्रीसंग छलफलमा पनि प्रदेश प्रहरी समायोजन नहुँदा प्रदेशमा आफ्नो प्रहरी अभावमा शान्ति सुरक्षा प्रदेशवासीलाई दिन नसकिएको भन्दै गुनासो गरेका थिए ।

> नेपाल प्रहरीसम्बन्धी विधेयकले प्रदेशमा समायोजन हुने प्रहरी कर्मचारीको पदभन्दा एक तह वा श्रेणी माथिको पदमा बढुवाका लागि उम्मेदवार बनाउने प्रस्ताव गरेको छ ।

सोही परिप्रेक्ष्यमा संघीय सरकारले प्रदेशमा प्रहरी समायोजन हुने प्रहरीलाई एक तह बढुवाका लागि उम्मेदवार बनाउने प्रस्ताव अघि सारिएको छ ।

नेपाल प्रहरीसम्बन्धी विधेयकले प्रदेशमा समायोजन हुने प्रहरी कर्मचारीको पदभन्दा एक तह वा श्रेणी माथिको पदमा बढुवाका लागि उम्मेदवार बनाउने प्रस्ताव गरेको छ ।

मंगलबार संसदमा दर्ता भएको नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकले प्रदेशमा समायोजन हुनेका लागि एक तह बढुवाको प्रस्ताव अघि सारिएको जनाइएको छ ।

तर प्रदेश प्रहरीमा समायोजना भएको कर्मचारी प्रदेश प्रहरी सेवाको माथिल्लो तह वा श्रेणीमा बढुवा भएमा नेपाल प्रहरी सेवाको पदमा बढुवाका लागि उम्मेदवार भने हुन पाउने छैनन् ।

प्रदेश प्रहरीबाट डिआइजीमा बढुवा गर्दा प्रदेशकै एक तहमुनि पदमा कार्यरत अधिकृतबाट बढुवा गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था गर्न लागिएको जनाइएको छ ।

संघीय प्रहरीमा रिक्त पदमा बढुवाबाट पदपूर्ति गर्नका लागि भन्दै एसएसपी पदमा चार वर्ष सेवा अवधि पूरा भएको हुनुपर्ने व्यवस्था गरिएका छ । प्रदेशमा चार वर्ष सेवा अवधि पूरा नगर्ने एसएसपी नेपाल प्रहरीमा बढुवाका लागि उम्मेदवार हुन पाउने छैनन् ।

प्रदेश प्रहरीमा बढुवाका लागि सम्भाव्य उम्मेदवार उपलब्ध नभएमा नेपाल प्रहरी सेवाबाट बढुवा गरी पदपूर्ति गर्ने व्यवस्था पनि विधेयकमा उल्लेख गरिएको छ ।

### गिरोहको पर्दाफास
## लागूऔषध कारोबारीसँग करोडौंको सम्पत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध कारोबारमा संलग्न एक गिरोहका सदस्यसँग करिब १० करोड मूल्य बराबरको अवैध सम्पत्ति रहेको पाइएको छ । भारतबाट नेपालमा लागूऔषध तस्करी गर्ने बारा परवानीपुर- ३ का प्रदीप सर्राफसँग १० करोड रुपैयाँभन्दा अधिक सम्पत्ति रहेको पाइएको छ ।



उनको सो सम्पत्ति जफतको माग गर्दै प्रहरीले सम्पत्ति शुद्धीकरण मुद्दा दायर गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरोले सर्राफलाई गत असोज २ गते लागूऔषधसहित पक्राउ गरेको छ । अनुसन्धान गर्दा सो गिरोहको माथिल्लो तहका कारोबारी भएको र यही अपराधबाट उनले अकुत सम्पत्ति आर्जन गरेको देखिएको भन्दै प्रहरीले लागूऔषधसहित गत मंसिरमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरेको थियो ।

उनलाई १० करोड ८६ हजार पाँच सय ८० रुपैयाँ बिगो कायम गरी सम्पत्ति शुद्धीकरणमा मुद्दा दायर गरिएको लागूऔषध नियन्त्रण ब्यूरोले जनाएको छ । स्थापनाको ३२ वर्ष लामो इतिहासमा ब्यूरोले पहिलोपटक लागूऔषध कारोबारीको सम्पत्तिसमेत खोजेर मुद्दा दायर गरिएको पहिलोपटक रहेको प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्यले जानकारी दिए । गत वैशाखदेखि प्रहरीले सम्पत्ति शुद्धीकरणमा आफैं अनुसन्धान गर्ने अधिकार पाएको छ ।

वर्षौंदेखि लागूऔषध कारोबारमा संलग्न सर्राफको घर, जग्गा तथा बैंकको नगद जफतको माग गरी मुद्दा दायर गरिएको ब्यूरोका एक अधिकारीले बताए । प्रहरीले गत भदौं ३१ मा बालाजु पवित्रनगरबाट ९ हजार क्याप्सुल ट्रामाडोलसहित पर्वतका बालकृष्ण अधिकारीलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो ।

सोही क्रममा झापाकी सम्झना रोक्का पनि पक्राउ परेकी थिइन् । रोक्काकै बयानका आधारमा बाराका सर्राफ र मनमोहन श्रेष्ठ पक्राउ परे । चारैजनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दासमेत दायर भएको छ ।

सम्झना रोक्काविरुद्ध एक करोड ७२ लाख ५९ हजार रुपैयाँ, मनमोहन श्रेष्ठविरुद्ध एक करोड ५९ लाख सात हजार रुपैयाँ तथा बालकृष्ण अधिकारीविरुद्ध २५ लाख ४३ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको व्युरोले जनाएको छ ।

ब्यूरोले १ लाख ८० हजार ८ सय ४३० क्याप्सुल नियन्त्रित औषध ट्रामाडोलसहित कारोबारमा संलग्न ६ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरूमा उदयपुरको गाईघाट नगरपालिका-५ घर भई हाल गोकर्णेश्वर नगरपालिका-७ स्थित माकलवारीका ३० वर्षीय श्रीबहादुर राई, सर्लाहीको हरिपुर नगरपालिका-१ बस्ने बर्ष २२ का विपिनकुमार महतो र पर्वतको महाशिला गाँउपालिका-५ स्थित लुंखु घर भई हाल काठमाण्डुको मित्रनगरका २७ वर्षीय बालकृष्ण अधिकारी रहेका छन् ।

त्यस्तै झापाको अर्जुनधारा नगरपालिका-१ घर भई हाल टोखा नगरपालिका-९ गोंगबुका ३२ वर्षीया सम्झना रोक्का, बारा परवानीपुर गाँउपालिका-३ का ३४ वर्षीय प्रदीप सर्राफ र काठमाण्डु महानगरपालिका-१५ स्थित डल्लु घर भएका ५१ वर्षीय मनमोहन श्रेष्ठलाई ब्यूरोको टोलीले पक्राउ गरेको छ ।

ब्यूरोको टोलीले भदौं १८ गते गोकर्णेश्वरको माकलवारीबाट श्रीबहादुर राईलाई नियन्त्रित लागूऔषध ट्रामाडोलका ९०० क्याप्सुल सहित पक्राउ गरेको थियो ।

उनी बस्दै आएको कोठामा खानतलासी गर्दा थप लागूऔषध ट्रामाडोल ३३ हजार ६०० गरी जम्मा ३४ हजार ५०० क्याप्सुल ट्रामाडोल बरामद गरिएको थियो ।

त्यस्तै भदौं १९ गते सर्लाहीका महतोलाई कागेश्वरी मनोहराको बाबाचोकबाट ट्रामाडोल क्याप्सुल ५३ हजार ९०० र नाइट्राजेपाम ट्याब्लेट ८९२ बरामद गरिएको थियो ।

ब्यूरोले मित्रनगर बस्ने अधिकारीलाई नयाँ बसपार्कस्थित सडक किनारबाट लागूऔषध ट्रामाडोलको ९ हजार क्याप्सुलसहित पक्राउ गरेको थियो ।

उनले सो लागूऔषध ट्रामाडोल सम्झना रोक्काबाट खरिद गरी बिक्री वितरण गर्ने गरेको अनुसन्धानबाट खुलेको छ । गोंगबु बस्ने रोक्कालाई निजकै घरबाट पक्राउ प्रहरीले त्यही दिन पक्राउ गरेको थियो ।

उनको कोठामा खानतलासी गर्दा थप ८३ हजार ट्रामाडोल क्याप्सुलसहित नगद २ लाख ५० हजार रुपैयाँ बरामद गरिएको थियो । रोक्काले सो ट्रामाडोल क्याप्सुलहरु बिक्री वितरण गर्ने मुख्य व्यक्ति अर्कै व्यक्ति भएको बयान दिएकी थिइन् ।

रोक्काको बयानका आधारमा ब्यूरोले बाराको परवानीपुरका प्रदिप सर्राफलाई टोखा नगरपालिकाबाट ट्रामाडोलका ३० क्याप्सुलसहित पक्राउ गरेको थियो ।

उनलाई कारोबार गर्न सहयोग गर्ने मनमोहन श्रेष्ठलाई पनि प्रहरीले पक्राउ गरेको थियो । आरोपित सर्राफले ट्रामाडोल विगत ४ बर्ष देखि काठमाण्डुमा ठूलो परिमाणमा अवैध कारोवार गर्दै आएको ब्यूरोको अनुसन्धानबाट खुलेको थियो ।

पक्राउ परेका उनीहरुमाथि औषधि नियन्त्रण ऐन २०३३ वमोजिम जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरी अनुसन्धान गरिएको थियो ।









# हात्ती आतङ्कः दिगो समाधानको प्रतीक्षामा किसान

चन्द्रपुर । जङ्गली हात्तीको विध्वंशले रौतहटका किसानहरू प्रताडित छन् । गत असार महिनादेखि जङ्गली हात्ती रौतहटको चन्द्रपुर, बृन्दावन, गुजारा र फतुवा विजयपुर नगरपालिकाको जङ्गल नजिकैको गाउँमा बसिरहेका छन् ।

हात्तीको उपद्रोले रौतहटमा-२ दर्जनभन्दा बढी घर भत्किसकेको छभने लाखौं मूल्य बराबरको अन्न, तरकारी र फलफूल नष्ट भएको छ ।

हात्तीको आक्रमणले रौतहटमा एक महिलाले ज्यान गुमाउनु परेको छभने एक घाइते भएका छन् । गत कात्तिक १६ गते फतुवा बिजयपुर-११ रागीबुटुवा बस्ने ७० वर्षीया पातलीमाया तामाङको हात्तीको आक्रमणबाट ज्यान गएको थियो । तामाङको घर हात्तीले पूर्ण रूपमा क्षति पुऱ्याएको थियो । जङ्गली हात्तीले एक्कासि घरमा आक्रमण गर्दा उहाँका श्रीमान् भने भागेर ज्यान बचाउन सफल हुनुभएको थियो ।

हात्तीले गत कात्तिकयता चन्द्रपुर-२ जुडिबेलामा मात्रै एक दर्जनभन्दा बढी घर भत्काएको छ । "बस्न नहुने गरी घर भत्कायो तर हामी भने भागेर बाँच्न सक्यौं", स्थानीय खिकप्रसाद पन्त भन्नुभयो । पुलामीटोलका राजेन्द्र ठाकुरको पनि घर हात्तीको आक्रमणले पुर्ण रूपमा क्षति भएको थियो । राति सुतिरहेको बेलामा हात्तीले घर भत्काएको ठाकुरले बताउनुभयो । बलमपाखी टोलका तारजन मगरको पनि हात्तीले घर पूर्णरूपमा भत्काएको छ ।

यस्तै चन्द्रपुर-३ गैंडाटारमा हात्तीले एकैरात सात घर भत्कायो । हात्तीले



रौतहटमा दर्जनभन्दा बढी घर भत्काएको छ । फतुवा विजयपुर नगरपालिकामा–११ का भैसही र बुटवा बस्तीमा चार घर भत्काएको स्थानीय अजय तिमलसिनाले जानकारी दिनुभयो ।

हरेक वर्ष धान पाक्ने बेला आउने हात्ती धान काटिसकेपछि जाने गरेको थियो तर यसपालि गाउँमै बस्नाले यहाँका मानिसहरू असुरक्षित महसुस गरिरहेको छन् । हात्तीले घर भत्काइसकेपछि चन्द्रपुर नगरपालिकाका नगर प्रमुख सञ्जयकुमार काफ्ले पीडितहरूका घरमै पुगेर जस्तापातासहित खाद्यान्न सहयोग गर्नुभएको थियो ।

जङ्गली हात्तीले खासगरी केराखेतीमा धेरै क्षति पुऱ्याएको छ । रौतहटको चन्द्रपुर–३ गैंडाटार र जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुऱ्याएको छ । हात्तीले पटकपटक गरेर करिब एक बिगाहामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर-३ गैंडाटारका किसान लालबहादुर दोङले जानकारी दिनुभयो । फल्ने बेला भएको करिब सात सय केराको बोटमा हात्तीले नष्ट गरेको उहाँको गुनासो छ । केराखेतीमा बीमा नहुँदा पनि समस्या भएको उहाँको भनाइ छ ।

वृन्दावन नगरपालिका-१ बलरीखोरमा पनि हात्तीले हरेक राति विध्वंश मच्चाइरहेको स्थानीय सुरेन्द्र पटेलले जानकारी दिनुभएको छ । केही दिनयता गाउँका बासिन्दा हात्तीका कारण रातभर जाग्रम गर्न बाध्य भएका पटेल बताउनुहुन्छ । हात्ती आउने तथा प्रभावित क्षेत्रमा पोलपोलमा बत्ती र चोकचोकमा आगोको व्यवस्था, हात्ती नियन्त्रणका लागि नियमित गस्ती र गस्तीका लागि इन्धनको व्यवस्था, हात्तीले पुऱ्याएको क्षतिको विवरण सङ्कलन गर्ने, क्षति पुगेका घर तथा किसानलाई राहतको व्यवस्था गर्ने, घाइते भएकालाई तत्काल उद्धारका लागि एम्बुलेन्स खरिद गर्नेलगायतका निर्णयहरू गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जानकारी दिनुभयो ।

सङ्घीय सांसद देवप्रसाद तिमल्सिना र प्रदेशसभा सदस्य युवराज भट्टराईले हात्ती व्यवस्थापनका लागि सङ्घीय तथा प्रदेशस्तरबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ । प्रभावित क्षेत्रका किसान र स्थानीय बासिन्दालाई राहत तथा उद्धारमा सरकारका तर्फबाट भरपर्दो सहयोग पुऱ्याउने उहाँहरूले आश्वासन दिनुभएको छ । बर्सेनि हात्तीको समूह रौतहटको गैंडाटार, जुडिबेला, पौराई, चन्द्रनिगाहपुर, गुजराको चोचा, मैरा, जङ्गलसहिया गाउँहरू, वृन्दावनको बलरी, फतुवा बिजयपुर नपाको रागी बुटुवालगायत गाउँहरूमा पस्ने गरेक छ । गत वर्ष मात्रै हात्तीको आक्रमणबाट चन्द्रपुरका घाँस, दाउरा गर्न गएका दुई महिलाले ज्यान गुमाएका थिए । हात्ती आतङ्कले गर्दा यहाँका बासिन्दा घाँस दाउरा गर्न जङ्गल जान समेत छाडेका छन् ।

यसैबीच रौतहटको दक्षिणी भेगतर्फ नीलगाई र बँदेलले किसानहरूको बालीमा क्षति पुऱ्याएको छ ।

केही वर्षदेखि जिल्लाको कटहरिया, देबाही, लालबकैया, विजयपुर, मौलापुरका किसानका नदी किनारका खेतमा लगाइएको मकै, धान, उखु, आलु, गहुँ, केरा, धनियाँलगायत बालीमा निलगाइले क्षति पुऱ्याउँदै आएको छ । लालबकैया नदीको दुवै किनारमा रहेका खरघारी र उखुबारीको आडमा लुकेर ठूलो संख्यामा नीलगाई र बँदेल बस्छन् । दिउँसो बाहिर निस्केर बालीमा चर्छन् । स्थानीयहरू वन्यजन्तुबाट बाली जोगाउन खेत नजिक र नदी छेउमा मचान बनाएर बस्न थालेका छन् । वन्यजन्तु नियन्त्रण गर्न कसैले पनि चासो नदिदा आफूहरूको बाली जोखिममा परेको किसानहरूयको गुनासो छ ।रासस

# 'नेपाल-भारतको सम्बन्धलाई कसैले बिगार्न सक्दैन'

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपाल-भारतबीचको सम्बन्ध आत्मीय रहेको बताएकी छन् । उनले दुबै देश बिच रहेको सदभावपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउदै आगाडि बढनु पर्ने धारणा व्यक्त गरिन् ।

भारतको७६औंगणतन्त्रदिवसका अवसरमा सोमबार वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले आयोजना गरेको कार्यक्रममा मधेश प्रमुख भण्डारीले यस्तो धारणा व्यक्त गर्नुभयो । महावाणिज्य दूतावासले गणतन्त्र दिवसको अवसरमा आयोजना गरेको सांस्कृतिक कार्यक्रमको प्रमुख अतिथिको रुपमा बोल्दै प्रदेश प्रमुख भण्डारीले दुई देशबीच कूटनीतिक, धार्मिक, भाषिक, सांस्कृतिक र व्यापारिक सम्बन्ध प्रगाढ रहेको बताइन् ।

सो कार्यक्रममा बोल्दै मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले भारतको स्वतन्त्रता पछि लागु भएको संविधानले प्रजातान्त्रिक प्रणालीलाई दरिलो बनाएकोमा प्रशंसा व्यक्त गरे । उनले भारतको शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै पछिल्लो समय नेपाल र भारत बीचको सम्बन्ध थप सुदृढ हुँदै




गएको विश्वास व्यक्त गरे । जनजनमा आधारित नेपाल-भारत सम्बन्ध पहिला पनि प्रगाढ रहेको ,अहिले पनि प्रगाढ छ र भविष्यमा प्रगाढ रहने दाबी गरे । सभामुख मण्डलले भारतको विकास र प्रगतिप्रति खुशी व्यक्त गर्दै दुवै देशबीचको व्यापारिक सम्बन्धलाई थप विस्तार गर्नुपर्नेमा जोड दिए ।

भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले कार्यक्रममा स्वागत मन्तव्यक्त व्यक्त गर्दै नेपाल र भारतबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन आफू प्रतिबद्ध रहेको बताए ।

उनले नेपालको पूर्वाधार विकास निर्माण, व्यापार,शिक्षा लगायत विभिन्न कनेक्टभिटीहरुको क्षेत्रमा भारतीय सरकारको सहयोग निरन्तर चलिरहने प्रतिबद्धता व्यक्त गरे । सो कार्यक्रममा पूर्वप्रदेश प्रमुख हरिशंकर मिश्र, पूर्वमुख्यमन्त्री लालबाबु राउत,मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, वन तथा वातावरणमन्त्री त्रिभुवन साह, ऊर्जा तथा खानेपानीमन्त्री शेषनारायण यादव, प्रदेशसभा सदस्यहरू, वीरगञ्ज महानगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकाका मेयरलगायत उद्योगी व्यापार, समाजसेवी, नागरिक समाज तथा संचारकर्मीहरुको उलेख्य उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा राजस्थानका कालबेलिया संपेरा नृत्य प्रस्तुत गरेर राजस्थानी कलाकारहरुले सहभागीहरुलाई मन्त्रमुग्ध बनाएका थिए ।

# सबै जातजातिको संस्कृति संरक्षणमा राष्ट्रपति पौडेलको जोड

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा सबै जातजातिको आफ्नो भिन्न परम्परा, रीतिरिवाज र संस्कृति रहेकाले त्यसको संरक्षण गरिनुपर्नेमा जोड दिनुभएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश भएकाले यहाँ बसोबास गर्ने सबैको आफ्नै संस्कृति रहेको उहाँले उल्लेख गर्नुभयो ।

र तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होसार परम्पराको विशिष्ट र महत्वपूर्ण स्थान रहेको राष्ट्रपति पौडेलले बताउनुभयो । सो अवसरमा शीतल निवासमा लामा गुरुहरूले विशेष पूजा र मन्त्रोचरण गर्नुका साथै तामाङको ताम्बा र बाम्बोको सांस्कृतिक प्रस्तुति समेत प्रस्तुत गरिएको थियो ।



राष्ट्रपति भवन शीतल निवासमा दीप प्रज्वलन गरी मंगलबार सोनाम ल्होसारको शुभारम्भ गर्नुहुँदै राष्ट्रपति पौडेलले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होसारजस्ता पर्वले सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ गर्न योगदान दिने विश्वास व्यक्त गर्नुभयो ।

भिन्न सांस्कृतिक विविधता बोकेको नेपालमा तामाङ जातिको ठूलो समुदाय रहेको

राष्ट्रपति पौडेलले गणितीय ज्योतिष परम्परामा आधारित ल्होसार पर्व तामाङ संस्कृतिकै एक अभिन्न अङ्ग भएको उल्लेख गर्नुहुँदै यसले तामाङ जातिको उद्गम, सभ्यता, सांस्कृतिक अस्तित्व र पहिचानलाई समेत प्रतिबिम्बित गर्दछ भन्ने आफूले बुझेको स्पष्ट पार्नुभयो ।

उहाँले सोनाम ल्होसारको अवसरमा सबैमा सुस्वास्थ्य, समृद्धि, प्रगति र समस्त मानवजगत्को कल्याणको शुभकामना व्यक्त गर्नुभएको थियो ।रासस

# स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन गर्न स्वास्थ्य संस्थालाई थप चुस्त बनाइँदै

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपत्कालीन तथा विपद् व्यस्थापन एकाइले विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थामा चिकित्सकीय सेवालाई चुस्त बनाउन अस्पताल र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्न उच्च प्राथमिकता दिएको छ ।

स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापनका क्रममा स्वास्थ्य सेवामा कसरी एकरुपता ल्याउने भन्ने ध्येयले सञ्चालित सो तालिम सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका ४४ स्याटेलाइट र २५ हब अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई प्रदान गरिसकिएको छ । यही हप्ता गण्डकी र बागमती प्रदेशका १८ अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको तालिम सम्पन्न गर्ने लक्ष्य मन्त्रालयले लिएको छ ।




> तालिममा डा नवीन फुयाँल, डा विज्ञान प्रजापति, डा मनिसा सेन, डा अमित सिंह, डा गौरव देवकोटा र डा सविता पौडेलले सहजीकरण गर्नुभएको थियो ।

विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प , कोभिड-१९ महामारी तथा २०८० साल कात्तिक १७ को जाजरकोट भूकम्पमा नेपालको स्वास्थ्य प्रणालीले प्रदान गरेका सेवा सराहनीय रहेको जनाइएको छ । यो सिकाइ विश्वका लागि पनि सिकाइ भइरहेकाले विश्व स्वास्थ्य सङ्गठनले अन्यत्र पनि कार्यान्वयमा ल्याएको छ ।

मन्त्रालयले द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालनसम्बन्धी निर्देशिका, २०७९ जारी गरिसकेको छ । यही निर्देशिका अनुसार मन्त्रालयले अस्पताललाई हब र स्याटेलाइटमा वर्गीकरणसमेत गरेको छ ।

नेपालको कुनै पनि स्थानमा स्वास्थ्य आपत्कालीन अवस्था र विपद् आएको खण्डमा समयमै रोगको पहिचान, रोकथाम र उपचार गरी रोग र मृत्युदरलाई कम गर्न तालिमप्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको परिचालन गर्न सहयोग पुर्याउने द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूहमार्फत काम गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

विश्व स्वास्थ्य सङ्गठनको आर्थिक एवं प्राविधिक सहयोगमा मन्त्रालयले उक्त तालिम सञ्चालन गरिरहेको हो । विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थामा अस्पतालमा कार्यरत जनशक्तिको परिचालन, जिम्मेवारी, अस्पतालको सेवालाई कसरी चुस्त बनाउने भन्ने उद्देश्यले आयोजित तालिमलाई उच्च प्राथमिकता दिएको उहाँले बताउनुभयो ।

यसक्रममा सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पताल, ट्रमा सेन्टर, हेटौंडा अस्पताल, गोरखा अस्पताल र जिपी कोइराला श्वासप्रश्वास अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीका लागि आयोजित तालिम सोमबार सम्पन्न भएको छ । तालिममा डा नवीन फुयाँल, डा विज्ञान प्रजापति, डा मनिसा सेन, डा अमित सिंह, डा गौरव देवकोटा र डा सविता पौडेलले सहजीकरण गर्नुभएको थियो । तालिम समापनका अवसरमा आपत्कालीन तथा विपद् व्यस्थापन एकाइ प्रमुख डा बुढाथोकीले जनस्वास्थ्य आपत्कालको व्यवस्थापन गर्नका लागि विषयगत समितिबाट निर्देशि जारी गर्न सहमति दिइसकेको जानकारी दिनुभयो ।रासस

# सिटिजन्स बैंक र बाईकर्स क्याफे बीच समझदारी




**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नक्साल, काठमाडौं स्थित बाईकर्स क्याफेबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले बाईकस 'क्याफेमा १५% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

विश्वकै प्रतिष्ठित अवार्ड ूबैंक अफ द ईयर २०२४ूको उपाधिप्राप्तगर्न सफलभएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड " सञ्चालनमा ल्याएको छ साथै मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ ।

सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट करिब १८लाख ५० हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कंर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**चिसोको कहर** : लागातारको शितलहरीले मधेश प्रदेशको जनजीवन अस्तव्यस्त बन्दै । *तस्विर : संजय कुमार यादव*

# यात्रुवाहक बसमा एक पुरुषको शव

**टुडे समाचारदाता**

जनकपुरधाम । काठमाण्डुबाट जनकपुरधामतर्फ आउँदै गरेको यात्रुवाहक बसमा एकजना पुरुषको शव फेला परेको जनाइएको छ।

मंगलबार बिहान मधेश प्र ०४ ००१ ख ०१५७ नम्बरको बसमा एक भारतीय नागरिकको शव फेला परेको धनुषा प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबर धनुषाका प्रहरी निरीक्षक जटाशंकर यादवले मृतक भारतको मधुवनी जिल्ला सिम्रीटोलका अन्दाजी ७० वर्षीय जगदीश यादव रहेको बताए । उनका अनुसार बस लालगढमा यात्रीहरु शौचालयका लागि ओर्लिएको समयमा यादवलाई मृत अवस्थामा भेटिएको थियो । उनी सोमबार साँझ काठमाण्डुबाट जटहीका लागि बसमा चढेका थिए।



तत्काल मृत्युको कारण हालसम्म खुल्न नसकेको जनाउँदै प्रहरी निरीक्षक यादवले शव परीक्षणपछि मात्रै मृत्युको वास्तविक कारण थाहा हुने बताए।

बसलाई हाल इलाका प्रहरी कार्यालय ढल्केवरमा राखिएको छ। यस विषयमा थप अनुसन्धान जारी रहेको उनले बताए।

# चुरे समिति खारेजी: छलफल गरी निर्णय लिनुपर्नेमा जोड

काठमाण्डु । चुरे क्षेत्र संरक्षण गर्ने मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको हालको संरचना खारेज गर्नेसम्बन्धमा सुझावसहितको प्रतिवेदन तयार भएको छ । वन तथा वातावरण मन्त्रालयले समितिको संरचना खारेज गरेर मन्त्रालयमा गाभ्ने तयारीका साथ प्रक्रिया अगाडि बढाएको भन्दै समितिले आपत्ति जनाएको छ।

समिति खारेजी गर्न खोजिएको भन्दै आलोचना बढिरहेको बेलामा मन्त्रालयले भने खारेजी नभएर पुनःसंरचना गर्ने विषयमा छलफल भएको स्पष्ट पारेको छ। वन तथा वातावरण मन्त्रालयले चुरेको विषयमा प्राविधिक प्रतिवेदन तयार गर्न भन्दै बनाएको समितिले हालको समिति खारेज गर्नुपर्ने र वन तथा वातावरणमन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा अन्य विज्ञहरू सदस्य रहनेगरी समितिको पुर्नगठन गर्नुपर्ने सुझाव दिएको छ।

मन्त्रालयका प्रशासन महाशाखा प्रमुख भुपाल बरालको संयोजकत्वमा गठन भएको उक्त समितिमा सदस्य सचिवमा शोभाकर रेग्मीका साथै सदस्यहरूमा मन्त्रालयका सहसचिव मेघनाथ काफ्ले, डा महेश्वर ढकाल, बद्रीराज ढुङ्गाना र तत्कालीन सहसचिव डा सिन्धु ढुङ्गाना रहनुभएको छ। समितिका सदस्य सचिव शोभाकर रेग्मीले चुरे संरक्षणका लागि कुनै पनि बाधा नपुग्ने भन्दै हाल भएको संरचना परिवर्तन गर्ने सुझावसहितको प्रतिवेदन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई बुझाएको जानकारी दिनुभयो।

"अहिले भएको चुरे समितिको संरचना खर्चिलो भयो, स्रोत जुटाउन पनि समस्या भइरहेको छ । समितिमा पनि आपसी विवाद छ", उहाँले भन्नुभयो, "जुन मन्त्रालयअन्तर्गतको गठन आदेशअनुसार बनेको छ त्यही मन्त्रीको अध्यक्षतामा समिति रहनेगरी चुरे संरक्षणको कामलाई अझै दिगोपना बनाउन सुझावसहितको प्रतिवेदन मन्त्रीलाई पेस गरेका हौँ। कार्यान्वयन हुने/नहुने यकिन भएको छैन।" रेग्मीले बोर्डमा सदस्य नियुक्त गर्दा सम्बन्धित विषयविज्ञलाई छनोट गर्नेगरी पुर्नगठन गर्ने विषय सुझाव पेस गरिएको बताउनुभयो।

वनमन्त्री शाहीले सुझाव पेस भएपछिका अन्य कुनै पनि प्रक्रिया अगाडि नबढेको बताउनुभयो । "समिति खारेज गर्न प्रधानमन्त्रीसँग छलफल गर्नुपर्नेमा हालसम्म कुनै छलफल नभएकाले कुनै प्रक्रिया अगाडि बढेको छैन", उहाँले भन्नुभयो, "हामी संरक्षण विरोधी होइनौँ। प्रभावकारी रूपमा चुरे संरक्षणको गतिविधि अगाडि बढाउने गरी काम हुनेछ। समिति खारेजी हुने प्रक्रिया अहिलेको लागि अगाडि बढेको छैन।"

मन्त्रालयका सचिव डा दिपककुमार खरालले समिति खारेजीभन्दा पनि समितिमा प्रदेश र स्थानीय तहलाई पनि समावेश गरी चुरे संरक्षणका गतिविधिलाई थप प्रभावकारी रूपमा अगाडि बढाउन पुर्नसंरचना गर्ने विषयमा छलफल भएको जानकारी दिनुभयो।

"चुरे तराई मधेस क्षेत्रको संरक्षण र व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन सबैतिरबाट महसुस भएअनुसार हालको समितिको काम, कारबाही, संरचना, कार्यक्षेत्र, कार्याधिकार, बजेट कार्यक्रम, गुरुयोजना, सङ्गठन व्यवस्था, कर्मचारी परिचालन, अन्तरप्रदेश समन्वय, समावेशिता विषयमा पुनरावलोकन र समीक्षा गरिएको हो", उहाँले भन्नुभयो। चुरे क्षेत्रको संरक्षणमा अग्रणी भूमिका निभाउने उच्चपदस्थ अधिकारीसहित अन्य केही व्यक्तिले समिति खारेज गर्न खोजिका भन्दै उहाँले सोबारे आपत्ति जनाउनुभयो।

पूर्वराष्ट्रपति डा रामवरण यादवले चुरे समिति खारेजी गर्ने विषयमा भइरहेको तयारी गलत रहेको प्रतिक्रिया दिनुभयो। "चुरे क्षेत्रको संरक्षणका लागि मेरो कार्यकालमा वैज्ञानिक तथा सरोकार भएकाहरूसँग धैरै छलफल गरेर समिति गठन भएको थियो", उहाँले भन्नुभयो, "अन्नको भण्डार चुरे बचाउने काममा बेवस्था गर्न हुँदैन । कानुन बनाएर समितिलाई छुट्टै स्वयत्त निकाय बनाउनु उपयुक्त हुन्छ । चुरेका वैज्ञानिकहरूको सहभागितामा समिति सञ्चालन गरौँ।"



> "वनसम्पदा र जैविक विविधता संरक्षणमा मुलुकले हासिल गरेका उपलब्धिका लागि अन्तर्राष्ट्रिय प्रशंसा तथा छिमेकी भारत र चीनसँग द्विपक्षीय साझेदारीका कैयन आयोजनाले, कार्बन व्यापारको विश्वव्यापी सञ्जालमा हाम्रो आबद्धता र इसिमोडमार्फत बहुपक्षीय सहकार्यले पर्यावरण संरक्षणमा नेपालको व्यक्तित्व र जिम्मेवारी वैश्विकस्तरको बनेको छ", उहाँले भन्नुभयो, "नेपालको यो परिचय र प्रयास गुम्नु हुँदैन । चुरेको अवैध दोहन र व्यापारबाट लाभ उठाउनेलाई मात्र संरक्षण अभियानमा आउने शिथिलताले फाइदा पुग्नेछ ।"

चुरे संरक्षणलाई प्राथमिकता नदिने हो भने चुरे क्षेत्रमा बसोबास गर्ने ५० प्रतिशतभन्दा बढी सर्वसाधारणको जीविकोपार्जनमा समस्या आउने पूर्वराष्ट्रपति यादवको भनाइ छ। अनियन्त्रित रूपमा सञ्चालन भइरहेका क्रसर उद्योग बन्द गर्नुपर्ने र चुरे संरक्षणलाई प्राथमिकता दिएर चुरेको जैविक विविधता संरक्षणमा ध्यान दिन आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

"नेपालको पहिचान बोकेको चुरे क्षेत्र संरक्षणको जिम्मेवारी लिएको समिति खारेजीको अपरिपक्व निर्णय गर्नुहुँदैन", पूर्वराष्ट्रपति यादवले भन्नुभयो, "यसो भएमा मानिसको जीवनयापनमा अस्तव्यस्त हुने खतरा हुन सक्छ। चुरेको संरक्षण हाम्रो पानीको, अन्न उत्पादनको र सुरक्षाका लागि जरुरी छ।"

उहाँकै सक्रियतामा चुरे कार्यक्रमलाई राष्ट्रिय गौरवको योजनाका रूपमा चुरे कार्यक्रम घोषणा गरिएको थियो। अहिले पनि यादव चुरे बचाउनुपर्छ भन्नेमा वकालत गर्दै आउनुभएको छ।

**अपरिपक्व नीतिगत निर्णय गर्नु हुँदैनः पूर्ववनमन्त्री आचार्य**

पूर्ववनमन्त्री महेश आचार्यले चुरे संरक्षणका लागि यसअघि प्रारम्भ गरिएका कानुनी र संस्थागत प्रबन्धलाई खारेज गर्न नहुने भन्दै समिति खारेजीका विषयमा निर्णय गर्नुअघि विज्ञसँग छलफल गर्न अनुरोध गर्नुभयो।

"मधेस क्षेत्रमा बसोबास गर्ने देशका करिब आधा जनसङ्ख्याको जीवन चुरेको सन्तुलित पारिस्थितिकीय प्रणालीमा निर्भर छ । चुरेले वर्षौंदेखि मानिसका लागि अन्न, पानी, काठ, दाउरा र वस्तुभाउलाई स्याउला, दुर्लभ पशुपक्षीलाई आश्रयस्थल र दैवी विपद्बाट सुरक्षा प्रदान गर्दै आएको छ। चुरेको पारिस्थितिक प्रणाली (इको सिष्टम) बिग्रँदा वा चुरे संरक्षण प्रयासमा शिथिलता आउँदा देशले अकल्पनीय क्षति बेहोर्नुपर्ने हुनसक्छ", उहाँले भन्नुभयो।

वैश्विक रूपमा जलवायु परिवर्तनले ल्याएको सङ्कटको गम्भीर दुष्परिणाम बढ्दो अनुपातमा बर्सेनि नेपालले भोग्नुपरेका बेला हामीले हाम्रा हिमाल, पहाड र चुरे मधेस क्षेत्रका संवेदनशील पारिस्थितिकीय प्रणालीलाई क्षति पुऱ्याउने गरी अपरिपक्व नीतिगत निर्णय गर्नु वातावरणीय अपराध हुने पूर्ववनमन्त्री आचार्यले धारणा राख्नुभयो । चुरे संरक्षणमा सरकारको प्रतिबद्धतामा कमी आउनु र प्राथमिकता घटेको सन्देश अन्तर र्राष्ट्रियस्तरमा जानु देशका लागि ठूलो क्षति हुने उहाँको प्रतिक्रिया छ।

"वनसम्पदा र जैविक विविधता संरक्षणमा मुलुकले हासिल गरेका उपलब्धिका लागि अन्तर्राष्ट्रिय प्रशंसा तथा छिमेकी भारत र चीनसँग द्विपक्षीय साझेदारीका कैयन आयोजनाले, कार्बन व्यापारको विश्वव्यापी सञ्जालमा हाम्रो आबद्धता र इसिमोडमार्फत बहुपक्षीय सहकार्यले पर्यावरण संरक्षणमा नेपालको व्यक्तित्व र जिम्मेवारी वैश्विकस्तरको बनेको छ", उहाँले भन्नुभयो, "नेपालको यो परिचय र प्रयास गुम्नु हुँदैन । चुरेको अवैध दोहन र व्यापारबाट लाभ उठाउनेलाई मात्र संरक्षण अभियानमा आउने शिथिलताले फाइदा पुग्नेछ।"

आचार्य वनमन्त्री भएका समयमा उहाँकै सिफारिसबमोजिम २०७१ साल असार २ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास समिति (गठन) आदेश २०७१ जारी गरिएको थियो।

**विघटन गर्ने दिशामा जानु हुँदैनः पूर्वअध्यक्ष खनाल**

समितिको पहिलो अध्यक्षसमेत रहनुभएका अर्थविज्ञ रामेश्वर खनालले पनि समिति खारेज गर्ने निर्णय गर्नु गलत हुने भन्दै आपत्ति जनाउनुभयो। "समितिमा रहेका व्यक्तिहरूद्वारा योजनाअनुसार काम नभए हटाएर विज्ञलाई नियुक्त गर्न सकिन्छ, तर विघटन गर्ने दिशामा जानु हुँदैन", उहाँले भन्नुभयो, "समितिलाई कानुनी अधिकार दिएर चुरेका महत्व बुझेका विज्ञहरूलाई ल्याउन जरुरी छ।"

पूर्वअध्यक्ष खनालले सही तरिकाले गुरुयोजना कार्यान्वयन गर्नुपर्ने, प्रदेश सरकारको भूमिका बढाउन उनीहरूको पनि प्रतिनिधित्व हुनेगरी पुनःसंरचना गर्न आवश्यक रहेको सुझाव दिनुभयो।

**समिति नै अनविज्ञ**

समिति खारेजीका विषयमा बोर्डका पदाधिकारीसँग कुरा गर्दा यस विषयमा अनविज्ञ भएको प्रतिक्रिया दिएका छन् । बोर्ड अध्यक्ष डा किरण पौडेलले आफूले पनि सञ्चारमाध्यमबाट सोबारे जानकारी पाएको भन्दै समिति खारेजीको विषयमा आधिकारिक जानकारी नभएको बताउनुभयो । बोर्ड सदस्य कमला ओली शिवाकोटीले प्रधानमन्त्री केपी शर्मा ओलीले समिति खारेजीका बारेमा भइरहेको छलफलका संक्षिप्त जानकारी दिनुभएको भन्दै सोको निर्णय भने भइनसकेको जानकारी दिनुभयो।

**सरोकार भएकाको दुई मत**

समिति खारेजी गर्न हुने वा नहुने भन्ने विषयमा सरोकार भएकाहरूको दुई मत देखिएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले जनताको हितविपरीत समितिले काम गरेको आरोप लगाउँदै खारेजी हुनुपर्ने प्रतिक्रिया दिनुभयो । "चुरेको लगानी बालुवामा पानी भएको छ। समुदायलाई बाहिर राखेर चुरे संरक्षण हुन्छ ?", उहाँले प्रश्न गर्नुभयो।

चुरेविद् विजय सिंहले समितिमा भएको कमीकमजोरी सच्याएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै समिति खारेजी गर्न नहुने सुझाव दिनुभयो। "समितिको कमीकमजोरी भएर सरकारले यस्तो निर्णय गर्न लागेको होला । तर त्यो कमीकमजोरी कसरी समाधान गर्ने भनेर लाग्ने हो, खारेज गर्नु विकल्प होइन", उहाँले भन्नुभयो।

चुरे तथा वन जङ्गल संरक्षण अभियान नेपालका राष्ट्रिय संयोजक तथा चुरे अभियन्ता सुनील यादवले समिति खारेजीले चुरे संरक्षणमा असर पुग्ने भन्दै यसको संरचनालाई परिवर्तन गर्न नहुने प्रतिक्रिया दिनुभयो । "राष्ट्रपतिका नामबाट बनेको चुरे समितिले चुरेको संरक्षण गर्दै मधेस र तराईलाई सुरक्षा गरिरहेको छ। समितिमा भ्रष्टाचार भएको छ भने त्यस्ता व्यक्तिलाई कारबाही गर्ने हो, समिति खारेजी गरेर चुरेवासीलाई अन्याय गर्न हुँदैन," उहाँले भन्नुभयो, "समितिलाई थप सशक्त र प्रभावकारी बनाउन आवश्यक छ।"

**संवैधानिक व्यवस्थालाई असरः कानुनविद्**

"वरिष्ठ अधिवक्ता तथा वातावरण कानुनविज्ञ प्रकाशमणि शर्माले चुरे समितिलाई खारेज गर्ने निर्णय भएमा संविधानको धारा ३० मा व्यवस्था भएको स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हक हनन् भई संवैधानिक व्यवस्थालाई असर पुग्ने बताउनुभयो।

"चुरेको संरक्षण अत्यन्त महत्वपूर्ण भएकाले राष्ट्रपति कार्यक्रमअन्तर्गत राखेर गठन आदेशमार्फत समिति गठन गरिएको थियो । सरकारलाई उक्त समिति खारेज गर्ने अधिकार भए पनि चुरे जस्तो संवेदनशील क्षेत्रको संरक्षण गर्ने अधिकार पाएको समिति खारेज गर्दा चुरेका मुद्दा ओझेलमा पर्छन्। यो न्यायिक हुँदैन । यसले संवैधानिक व्यवस्थालाई असर गर्छ", शर्माले भन्नुभयो। समितिलाई छुट्टै स्वायत्त निकाय बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। रासस

# ऊर्जामन्त्री खड्कासँग भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिवको शिष्टाचार भेट



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले शिष्टाचार भेट गर्नुभएको छ।

सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा मंगलबार भएको भेटमा नेपाल-भारत ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो । भेटमा ऊर्जामन्त्री खड्काले नेपालले सुक्खा महिनामा भारतबाट प्राप्त विद्युत्ले यहाँको विद्युत् अभावलाई कम गर्न सघाउ पुऱ्याएको भन्दै भारत सरकारलाई धन्यवाद दिनुभयो। उहाँले वर्षाको समयमा नेपालमा विद्युत् बढी हुँदा भारत निर्यात भइरहेकाले यसले दुई देशबीचको सहकार्यलाई थप उचाइमा पुऱ्याएको धारणा राख्नुभयो।

ऊर्जामन्त्री खड्काले भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौता गरिसकेकाले यसलाई सफल कार्यान्वयन गर्न मन्त्रालयले नीतिगत पहल गरिसकेको बताउनुभयो। सरकारले लिएको ऊर्जा विकासको लक्ष्य हासिल गर्न दुई देशबीच आपसी सहयोग, समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो ।ऊर्जामन्त्री खड्काले गत अक्टोबर ३ मा नेपाल, भारत र बङ्गलादेशबीच भएको त्रिपक्षीय विद्युत् बिक्री सम्झौता नेपालको ऊर्जा क्षेत्रको विकासका लागि मात्र नभई दक्षिण एसियाकै लागि एक ऐतिहासिक उपलब्धि भएको बताउनुभयो । उहाँले भर्खरै नयाँदिल्लीमा सम्पन्न नेपाल-भारत सह-सचिवस्तरीय बैठकले दुईवटा उच्च भोल्टेजका अन्तरदेशीय प्रसारण लाइनको निर्माण प्रारूपमा सहमति गरेकामा खुसी व्यक्त गर्नुभयो। मन्त्री खड्काले महाकाली सिँचाइका लागि टनकपुर मुख्य नहरबाट १० क्युमेक पानी छाड्न भारतले छिटो पहल गरिदिने विश्वास व्यक्त गर्नुभयो।

भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव महावरले नेपालको जलविद्युत् क्षेत्रमा भारतले लगानी गर्न चाहेको भन्दै लगानीको उचित वातावरण निर्माण गर्न आग्रह गर्नुभयो। उहाँले अपर कर्णाली, पञ्चेश्वरलगायतका जलविद्युत् आयोजनाको चाँडो विस्तृत परियोजना प्रतिवेदन टुङ्ग्याउन आग्रह गर्नुभएको भेटमा सहभागी मन्त्री खड्काका निजी सचिव मनोज पन्थले जानकारी दिनुभयो। यस्तै, भारतले निर्माण गरिरहेको अपर अरुण आयोजनाको कामलाई समेत सहजीकरण गर्न उहाँले आग्रह गर्नुभएको थियो।

भेटमा मन्त्रालयकी सचिव सरिता दवाडी, वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारीलगायत नेपालस्थित भारतीय राजदूतावासका अधिकारीहरूको सहभागिता रहेको थियो।रासस


## व्याहुत सुडी सेवा समिति
**केन्द्रीय कार्यालय, जनकपुरधाम**

## दररेट पेश गर्ने सम्बन्धी सूचना


प्रस्तुत विषयमा यस व्याहुत सुडी सेवा समिति भवन निर्माण कार्य गराउनु परेको हुँदा इच्छुक निर्माण कम्पनी/ठेकदारहरुले नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, पछिलो आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु सहित र तपसिल अनुसार आइटमको दररेट सहित सूचना प्रकाशित मितिले (१५) पन्ध्र दिन भित्र कार्यालय खुलेका दिन यस श्री व्याहुत सुडी सेवा समिति जनकपुरधाम स्थित मुख्य कार्यालयमा आईपुग्ने गरी दर रेट पेश गर्न हुन।

**तपसिल**

१. माटो (जग्गा) खनाई प्रति घन फिट
२. माटो (जग्गा) भराई प्रति घन फिट
३. PCC ढलान प्रति वर्ग फिट -
४. RCC ढलान प्रति घन फिट -
४. Shuttering वर्ग फिट-
५. लोहा प्रति के.जि -
६. सोलिङ्ग वर्ग फिट-
७. बाहरी पलाष्टर वर्ग फिट-
वा
सिलिङ्ग नापी प्रति वर्ग फिटको आधारमा पनि टेन्डर भर्न अह्वान गरीन्छ।

**नोट** : विस्तृत जानकारीको लागि स्थान मारुती वचत तथा त्रृण सहकारी संस्था प्र.लि. जनकपुरधाम मिल्स एरिया संस्थाको कोषाध्यक्ष श्री कृषिकेष साह ज्यूको सम्पर्क नं. ९८४४१००८३३ वा ९८०७८६५७५३ मा सर्म्पक गर्नु हुन।

**लक्ष्मण प्रसाद साह**
**महा–सचिव**




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशी मोर्चा गठन प्रयास

मधेश आन्दोलन , मधेश केन्द्रित दलको नामसँगै संघीयताको प्राप्ति उपलब्धिबोधक मानिन्छ । संघीयता प्राप्तिप्रति नतमस्तक हुनु सबैको दायित्व पनि हो । समावेशीता ,आरक्षण लगायत विषय पनि मधेश आन्दोलन र मधेश केन्द्रित दल , नेता , कार्यकर्ता , आममधेशीको श्रेयको बोधक हो । आन्दोलनको महत्वपूर्ण उपलब्धि अन्तर्गत नियाँल्दा राष्ट्रिय राजनीतिमा मधेश जोडिएको तथ्य पनि छ । तर पनि मधेशका नेता , कार्यकर्ता , आममधेशीमा असन्तुष्टिको व्यापकत्वले न्याय पाउन नसकेको र सोही मुद्दा सदनमा र सदन बाहिर बहस , नारा , जुलुस ,सभा समारोह , गोष्ठी ,कार्यकर्ता , दलीय बैठकको महत्व विपय हुनु आफैमा विचारणीय छ । आन्दोलनले माग गरेको समग्र मधेश एक प्रदेश , स्वायत्त मधेश , पहिचानसहितको मधेश , दासत्वबाटमुक्ति , संविधानमा मधेशी मुद्दाको सम्बोधन लगायतका कतिपय पक्षको व्यवहारिक स्वरुप असन्तुष्टिको कारक मानिन्छ । विडम्बना के छ भने आन्दोलनको मुद्दामध्ये समग्र मधेश आठ जिल्लामा सीमित भयो , मधेश प्रदेशमा संघीयताको मर्म अनुरुपकै मधेशी दलकै नेतृत्व सरकार पनि गठन भयो । यद्यपि नत सरकारले समृद्धि , स्वायत्त , पहिचान अनुरुपको कार्य सम्पादन गर्न सकेको छ नत स्वाभिमानको अनुभूति हुने संरचना निर्माण गर्न सकेको छ। अस्थिर , कुशासन , केन्द्रिकृत समीकरण , अहंकार , भ्रष्टाचार , अनियमितता , स्वेच्छाचारी , जातीयताको बिगबिगी जस्ता असफलता बोधक जालोमा परेको छ । जनसंख्याको अनुपातमा राज्यको सबै निकायमा मधेशीको प्रतिनिधित्व , स्वायत्त मधेश , नागरिकतालगायत केन्द्रीय सरकारको रबैया पनि असन्तुष्टिकै विषय छ। मधेशी र मधेश केन्दित दल र प्रदेश सरकारको चित्त बुझ्केको छैन । मधेशी स्वाभिभानलाई आधात पार्ने क्रियाकलापको शमन हुन सकेको छैन । मधेशी अनुहारलाई भारतीयको संज्ञा दिइने मानसिकता यथावत नैं छ। मधेशीलाई अपमान , हेला बोधक शब्दको प्रयोगले संघीयताको आत्मामाथि प्रहार भइरहेको छ । मधेशी दलहरुमा विभाजनको महामारी छ । मुद्दागत एकता नभइ निर्देशित मुद्दाको लहरमा दल विभाजन हुने भूराजनीतिले पिरोल्नु पनि गम्भीर पक्ष हो। केन्द्रीय सरकारबाट संविधान संशोधन सन्दर्भमा पनि उदार भावको अनुभूति छैन । वर्तमान केन्दीय सरकार सँविधान संशोधनकै एजेण्डा बोकेर गठन भएको छ। त्यसमा मधेश केन्द्रित दलको समर्थन छ तर सरकारका प्रधानमन्त्री संविधान संशोधनको मुद्दाप्रति गम्भीर नभइ थ्रेस होल्डको मुद्दा लाई अघि सारेर मधेश केन्द्रित दल लगायत स साना दलको अस्तित्व नै धूमिल दुष्प्रयास गरिरहेको भन्दै मधेश केन्द्रित दल आन्दोलन बेलाको मोर्चालाई व्यूताउने प्रयासमा लाग्नुको सान्दिर्भकतालाई पुष्टि गर्नमा लागेका छन् । समग्रतामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल मधेशी भावनासहित देश बनाउनमा मोर्चा केन्द्रित हुनु पर्दछ ।

# पहिचान आन्दोलनका बाछिटा




२०७९ फागुन १७ गते प्रदेश १ को नाम कोशी राखियो । जुन नाममा प्रदेशसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाइ बहुमत जुटेको थियो । उक्त संख्या कसरी पुऱ्याइएको थियो भन्ने यथार्थचाहिँ महत्त्वपूर्ण छ। एमाले नेता हिक्मतकुमार कार्की नेतृत्वको प्रदेश सरकारले 'छापामार' शैलीमा कोशी नामको प्रस्ताव अघि सारेको थियो। कतिपय सांसद मन नमान्दा-नमान्दै भोट हाल्न बाध्य भए । केही विपक्षमा उभिए । कोही अनुपस्थित नै रहे । अर्कातर्फ स्थानीय प्रशासनले विरोध प्रदर्शन हुन नदिन विराटनगरका मुख्य-मुख्य ठाउँमा निषेधाज्ञा जारी गऱ्यो । प्रदेशसभा बैठकको प्रत्यक्ष प्रसारण समेत गरिएन ।

त्यसरी संघीय संरचनाका सात प्रदेशमध्ये प्रदेश १ को नामकरण अन्तिममा भएको हो । तर, त्यो नामले राजनीतिक परिवर्तनको मर्मलाई आत्मसात् गरेन । उल्टै त्यो भूगोलको जुन इतिहास थियो त्यसलाई नै नामेट पार्ने काम भयो। हुन त अन्य पाँच प्रदेशले पनि पहिचानको मुद्दा सम्बोधन हुने गरी नाम पाएनन् । मधेस प्रदेश भने एक प्रकार संघीयताको मर्मअनुरूप नै देखिन्छ। अरूले त नदीनाला र भूगोलको पहिचान पाए । प्रदेश १ मा पहिचानको सम्बोधन होला भन्ने थियो तर भएन, नदीलाई नै मुख्य मानियो । जुन अञ्चलकालीन नाम हो । यसले मुलुक संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरिसक्दा पनि राजनीतिक दल र तिनका नेतृत्व अञ्चल र विकासक्षेत्रकालीन धङधडीमै रहेको स्पष्ट पार्छ ।

**वर्गीकृत विज्ञापन**

पहिचान पक्षधरहरू प्रदेश १ मा पुनः नामांकनको माग लिएर आन्दोलित भए। एक प्रदर्शनकारीको ज्यानै गयो । जसमा लाजेहाङ लिम्बु (पदम लिम्बु) छन् । विराटनगरमा प्रदर्शन हुँदा २०७९ फागुन ५ गते घाइते भएका उनको पाँच दिनपछि १० गते उनको उपचारका क्रममा धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निधन भएको थियो। सरकार (प्रधानमन्त्री र गृहमन्त्री स्तरको निर्णयबाट)ले उक्त घटनालाई लिएर छानबिन समिति नै बनायो । मन्त्रिपरिषद् बैठकले लाजेहाङलाई सहिद घोषणा गऱ्यो । उनै सहिदकी आमा धनमायाले विलौना गर्दै भनेकी थिइन्- 'सहिद भन्छन्, तर यो बुझ्दिनँ नानी, सहिद भएर के भयो त ? जाने त गइहाल्यो । गएको मान्छे अब आउँदैन। छोरा त गयो गयो, (हिमालखबरबाट) ।'

आमाको बिलौनाजस्तै सहिद भएर के भयो त ? गम्भीर प्रश्न हो यो । नामको विषय लिएर पहिचान पक्षधरले प्रदेशभर आन्दोलन गरे । एमालेको ' झुलाघाट-चिवा भञ्ज्याङ' अभियानमा अवरोध पुऱ्याए। आफ्नो अभियान समापन गर्न उक्त पार्टीलाई सकस नै पऱ्यो । जति आन्दोलन गरे पनि प्रदेशको नाम फेरिएको छैन । प्रदेश सरकारसँग वार्तामा बसे पनि निकास निस्किएको छैन । प्रदेशसभाको अंक गणितका आधारमा पुनः नामकरण असम्भव त होइन, तत्काल सम्भव पनि देखिन्न । राजनीतिक सहमति जुट्ने हो भने पुनः नामकरण होला । नत्र त अर्को चुनाव पर्खिएर प्रदेशसभामा पहिचान पक्षको दुईतिहाइ बहुमत पुऱ्याउनुको विकल्प रहन्न ।

राज्य पक्ष नै लागेर कोसी नामकरण गरेपछि उक्त प्रदेशमा पहिचानको आवाज प्रखर रूपमा मुखरित भएको छ । यी दुई घटनाक्रमले त्यसलाई प्रस्ट्याउँछन् । पहिलो, इलाम निर्वाचन क्षेत्र नम्बर २ को उपनिर्वाचन । दोस्रो, ताप्लेजुङस्थित पाथीभरा (मुक्कुमलुङ) मन्दिर आउजाउ गर्न केबलकार बनाउने कि नबनाउने भन्ने विवाद । इलामको उपनिर्वाचनमा स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बु पहिचान पक्षधरबाट साझा उम्मेदवार थिए । उनले तेस्रो स्थानमा ११ हजार ४५७ मत ल्याए । चुनावी परिणाम आफ्नो पक्षमा नआए पनि त्यो सम्मानजनक मत थियो । त्यो भनेको मुद्दा दबिँदैन भन्ने सन्देश थियो ।

राज्य जिम्मेवार अभिभावक बन्नुपर्नेमा दमनकै बाटोमा लाग्नु देशलाई अस्थिर बनाइरहनुबाहेक केही होइन । दमनकारी नीतिले निश्चित समय पहिचानको आवाज दबिएला । तर, कुनै न कुनै समय शक्तिशाली रूपमा मुखरित हुनेमा दुईमत छैन ।

उपनिर्वाचनमा लिम्बुको पक्षमा उभिएका पहिचान पक्षधर नै मुक्कुमलुङमा केबलकार बनाउन नदिने पक्षमा एकजुट भएको देखिन्छ । प्रहरी र आन्दोलनकारीबिच शनिबार साँझ झडप नै भयो । दुवैतर्फ घाइते भए । यो विषयले प्रदेशसभा बैठकमा पनि प्रवेश पाएको छ । विपक्षी मात्र होइन, सत्तारुढ सांसदले नै पहिचानको आन्दोलन र स्थानीय संस्कृतिको संरक्षण गर्न माग गरेका छन् । प्रदेश सरकारका प्रवक्ता रेवतीरमण भण्डारीले भने प्रहरीले आत्मसुरक्षाका लागि प्रतिकार गरेको बताए । उनले भने, 'प्रहरीमाथि सांघातिक हमला भएपछि यो परि स्थिति भएको हो । ९० जनाको प्रहरी टोली त्यहाँ थियो । दुवैतर्फ केही घाइते भयो, हताहती नै भने भएन, ) ।'

राष्ट्रिय मानवअधिकार आयोगले उक्त घटनाप्रति ध्यानाकर्षण भएको भन्दै संवादका माध्यमबाट समस्याको समाधान गर्न सुझाएको छ । उसले विकासको अधिकारसँगै नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय अधिकारको संरक्षण र संवर्द्धनको सुनिश्चितता गर्नु राज्यको दायित्व हुने भनेको छ । 'राज्य यसप्रति संवेदनशील हुनुपर्दछ,' उसको विज्ञप्तिमा लेखिएको छ, 'आदिवासी जनजातिको बसोबास रहेका कुनै क्षेत्रमा विकास निर्माणका कार्य गर्दा सो समुदायबाट अग्रिम जानकारी सहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्ने भन्ने आदिवासी जनजातिको अधिकारसम्बन्धी आईएलओ महासन्धि, १६९ तथा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७ मा व्यवस्था रहेको छ।'

> माओवादीका तत्कालीन नेता गोपाल किरातीले भने आफूहरुले सक्दो प्रयास गरे पनि पहिचानसहितको संघीय राज्य पुनः संरचनाका पक्षमा दुईतिहाइ मत पुऱ्याउन नसकेको बताएका थिए । उनले यो पंक्तिकारसित भनेका थिए- "लौरो लगाएर अरुलाई मनाउने कुरा भएन । पहिचान पक्षधर सभासदको संख्या ३९९ पुगिसकेको थियो तर उपेन्द्र यादवजीले हस्ताक्षर गर्न मान्नुभएन । ४ सय पुगेको भए सभाध्यक्षलाई पनि दबाब पुग्ने थियो ।"

लिम्बु जातिको साझा संस्था किरात याक्थुङ चुम्लुङले उक्त घटनाप्रति निन्दा गरेको छ। 'नेपालको संविधान ०७२ को धारा २६ तथा धारा ३२ अनुरूप समुदायको धार्मिक, सांस्कृतिक र आध्यात्मिक विषय सम्बन्धित नागरिक समुदायले संरक्षण गर्न पाउने प्रावधान अनुसार मुक्कुमलुङ क्षेत्रको संरक्षण गरेर छाडिने प्रतिबद्धता व्यक्त गर्दछौँ,' उसले जारी गरेको प्रेस विज्ञप्तिमा लेखिएको छ ।

सरोकारवालाले आइतबारै आन्दोलनका कार्यक्रम घोषणा गरे । जसमा अनिश्चितकालीन यातायात बन्द (मेची राजमार्ग, तमोर करिडोर र तेह्रथुमबाट ताप्लेजुङ छिर्ने नाकामा)लगायत छन् । यस हिसाबले उक्त प्रकरण साम्य हुनुको साटो झन् बल्झिने देखिन्छ । जसमा पहिचान पक्षधरको साथ रहने निश्चितप्रायः नै छ । तिनै पहिचान पक्षधरको संगठन प्रदेश नं. १ पुनः नामांकन संयुक्त संघर्ष समितिले यही माघ १० गते मात्र मुक्कुमलुङमा केबलकार निर्माण तत्काल खारेजीको माग गरेको थियो।

'अन्यथा यसको विरोधमा आयोजना हुने यातायात बन्द, आम हड्तालसम्मको सबै संघर्षको कार्यक्रममा संघर्ष समिति पूर्णरूपमा होमिने घोषणा गर्दछ,' उसको विज्ञप्तिमा लेखिएको थियो । आफ्नो भूमि, संस्कृति, आस्थाको केन्द्र मुक्कुमलुङलाई बचाउन र संरक्षित राख्न जनता सशक्त प्रतिरोधमा वर्षौंदेखि उत्रिएका जनाइएको थियो ।

मुक्कुमलुङको विषय अब कसरी सल्टिन्छ ? राज्य दमन गरेरै अघि बढ्छ कि स्थानीय सरोकारवालाको माग सम्बोधन गर्न तत्पर हुन्छ ? त्यो त हेर्न बाँकी नै छ। तर, पहिचान आन्दोलनको राजनीतिक उपलब्धि ठोस रूपमा देखिएको छैन। खासगरी संघीय संरचनामा पहिचानको सम्बोधन हुने अपेक्षा थियो । तर, प्रदेश १ को नामकरण नदीको नामबाट राखिएपछि त्यो सम्भावना पनि सकियो । तत्कालीन राज्यले जसरी भाषिक, सांस्कृतिक दमनको नीति लिएको थियो त्योभन्दा फरक देखिएको छैन अहिलेको परिस्थिति ।

पहिचानको मुद्दालाई नजिकबाट नियालिइरहेका राजेन्द्र सुब्बा जागरण ल्याउनुबाहेक अरू उपलब्धि आफूले नदेखेको बताउँछन् । 'उपलब्धि केही देखिँदैन। राईलाई राई भन्न डरायो। लिम्बुलाई लिम्बु भन्न डरायो,' उनी भन्छन्, 'मधेसीलाई मात्रै मधेसी भन्यो। त्यो पनि रुचाएर भनेको होइन।'

आदिवासी जनजाति महासंघका महासचिव दिवस राईका अनुसार आन्दोलनको उपलब्धि अहिले नै भइहाल्छ भन्ने छैन । भन्छन्, 'यो अस्तित्वको लडाइँ हो । राज्यले सम्बोधन गरे आन्दोलन सकिन्छ। पेलेर गए निरन्तर रहन्छ। त्यसकारण राज्यमै भर पर्छ।' उनी अहिलेसम्म राज्य पेलेरै अघि बढेको ठान्छन् । पहिचानलाई स्वीकार गरेको देखिँदैन । ' यहाँको विविधितालाई स्वीकार गरी साझा नेपाल बनाउनुपऱ्यो,' महासचिव राई भन्छन् ।

**कहाँ चुके पहिचान पक्षधर ?**

प्रदेश नं. १ को नामकरण गर्ने सन्दर्भमा सरोकारवालाले खबरदारी गरिरहे । तर, साझा नाममा सहमति जुटाएर अघि बढेनन् । मुख्य सरोकारवाला आआफ्नै माग लिएर खबरदारी गर्न तम्सिए । कोही किरात प्रदेशको पक्षमा उभिए भने कोही लिम्बुवान त कोही लिम्बुवान-किरात । कम्तीमा किरातजन्य संघसंस्थाले मात्र साझा नाम प्रस्ताव गर्न सकेको भए परिस्थिति फरक भएर जान्थ्यो भन्ने बुझाइ यो पंक्तिकारको हो । त्यसप्रति महासंघको नेतृत्वले पनि पहलकदमी लिनुपर्थ्यो । त्यसमाथि क्षेत्रीय राजनीतिक दलहरू पनि थिए नै । सबै सरोकारवाला एकजुट हुन सकेको भए हुन्थ्यो भन्ने हो । त्यसमा अनेक कारण होलान् । यो पंक्तिकारले त्यस बेला आन्दोलनका केही अगुवाको ध्यानाकर्षण गराएको पनि हो । तर, कोही पनि साझा नाम तय गरी अघि बढ्न तयार भएनन् ।

अर्कातर्फ प्रदेशसभाको अंकगणित पनि सोचेजस्तो भएन। यतिसम्म कि पहिचानकै मुद्दा लिएर अघि बढेको माओवादीकै भूमिका पनि सकारात्मक रहेन। कतिपयले उक्त पार्टीको आलोचना गर्छन् कि यो मुद्दालाई सत्ताको भऱ्याङ मात्र बनायो । परिस्थितिले पनि यस्तै अवस्था देखाउँछ । मधेस आन्दोलनबाट शक्तिका रूपमा उदाएका मधेसकेन्द्रित दललाई पनि यही आरोप लाग्ने गरेको छ । बरु उल्टै सत्ताको स्वादले ती दल छिन्नभिन्न भएका छन् । पहिचानको मुद्दा बोक्ने अन्य पार्टी पनि एकजुट हुन सकेका देखिँदैन ।

२०६२/६३ को आन्दोलनपछि पहिचानको आवाज सघन भएर आयो। पहिलो संविधानसभाबाट त एकप्रकार यो देशमा पछाडि परेका/पारिएका जाति, समुदाय, लिंग तथा क्षेत्रको माग सम्बोधन हुने गरी संविधान आउने अवस्था पनि थियो । त्यस बेला पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानको पक्षमा सडक र सदन दुवैतिर सरोकारवालाको हस्तक्षेपकारी उपस्थिति थियो । त्यस बेला बुझ्ने र बुझाउने पाटोमा 'ग्याप' भयो कि भन्ने लाग्छ । अर्को पक्षले पहिचानको विषयलाई जातीय राज्यसँग जोडेर भ्रम फैलाइदियो । सम्बन्धित पक्षले त्यो भ्रम चिर्न सकेनन् । र त संविधानसभा संविधान नै नबनाई विघटन भयो। त्यसले आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यकलगायत पछाडि पारिएकाहरूको अधिकार प्राप्तिको लक्ष्यमा तुषारापात भयो । एउटा अवसर थियो । त्यो गुम्यो । संविधानसभाको अन्तिम दिनसम्म बानेश्वरका सडकमा खबरदारी गर्ने सरोकारवाला त्यसपछि देखापरेनन् । देशमा एक प्रकारको सन्नाटा छायो ।

विश्लेषक बालकृष्ण माबोहाङले यो पंक्तिकारसँग भनेका थिए- 'मुलुक संविधानविहीन बन्दा पहाडे बाहुन नेतृत्वका दलहरूले उत्पीडित समुदायका अधिकार स्थापित गराउँदैनन् भन्ने सन्देश प्रवाह भएको छ।' यस्तै, पहिचान मुद्दामै कुरा नमिलेर एमाले परित्याग गरी त्यस बेला संघीय समाजवादी पार्टी गठन गरेका नेता अशोक राईले भनेका थिए- 'यो पहिचानसहितको संघीयता नचाहने षड्यन्त्रकारीको सफलता हो। यसमा एमाओवादीको ढुलमुले प्रवृत्तिले मद्दत पुऱ्यायो ।'

माओवादीका तत्कालीन नेता गोपाल किरातीले भने आफूहरूले सक्दो प्रयास गरे पनि पहिचानसहितको संघीय राज्य पुनः संरचनाका पक्षमा दुईतिहाइ मत पुऱ्याउन नसकेको बताएका थिए। उनले यो पंक्तिकारसित भनेका थिए- 'लौरो लगाएर अरूलाई मनाउने कुरा भएन। पहिचान पक्षधर सभासदको संख्या ३९९ पुगिसकेको थियो तर उपेन्द्र यादवजीले हस्ताक्षर गर्न मान्नुभएन। ४ सय पुगेको भए सभाध्यक्षलाई पनि दबाब पुग्ने थियो।'

पहिलो विघटन भए पनि दोस्रो संविधानसभा निर्वाचन भयो । त्यस बेला पहिचान पक्षधरको उपस्थिति त घट्यो नै । उनीहरूको भूमिका पनि हस्तक्षेपकारी देखिएन । संविधानसभाले अन्ततः २०७२ साल असोज ३ मा संविधान जारी गऱ्यो । गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता र समानुपातिक समावेशिताले ठाउँ पायो । तर, नामबिनाका सात प्रदेश राखिए। त्यसको दुई वर्षपछि भएका निर्वाचनमार्फत संघीयता कार्यान्वयनमा गयो । प्रदेश संरचनाहरू बन्न थाले । तर, नाममै पहिचान अस्वीकार गर्ने राज्य पक्षले अधिकार नै देलान् भनेर कसरी विश्वास गर्ने ? बरु प्रदेश संरचनाप्रति नकारात्मक भाव पैदा गर्न लागेजस्तो देखिन्छ।

स्थानीय सरकारलाई शक्तिशाली बनाएर सुरुमै प्रदेशलाई कमजोर बनाउने नियत राखेको हो कि भन्ने लाग्छ । प्रदेशलाई शक्तिशाली बनाउनेतर्फ सरकार र दलहरूको ध्यान छैन । भाषिक, सांस्कृतिक, धार्मिक तथा जातीय हिसाबले शाहकालीन र राणाकालीन धङधडी हटेको देखिँदैन। राज्य जिम्मेवार अभिभावक बन्नुपर्नेमा दमनकै बाटोमा लाग्नु देशलाई अस्थिर बनाइरहनुबाहेक केही होइन । दमनकारी नीतिले निश्चित समय पहिचानको आवाज दबिएला । तर, कुनै न कुनै समय शक्तिशाली रूपमा मुखरित हुनेमा दुईमत छैन ।रातोपाटी

# सरकारले ल्याउनै पर्ने विधेयक




हामी २०७९ सालको निर्वाचनपछि संसद्को पाँचौं अधिवेशनमा आइपुगेका छौं । विगतका अधिवेशनमा जे जति कानुन बनाउनुपर्ने हो, उक्त सवालमा जति ध्यानदृष्टि दिनुपर्ने हो त्यसमा हामीले सकेनौं । म क्षमा माग्न चाहन्छु। किनभने, धेरै कानुन बनाउनुपर्ने थियो । २०७२ मा जारी संविधानअनुसार मौलिक हक कार्यान्वयनकै लागि धेरै ऐन बनाउनुपर्ने पनि छ। सरकारले पनि यसलाई मध्यनजर गरी कानुनहरू सदनमा प्रस्तुत गर्नुपर्ने थियो। तर, त्यसो हुन सकेन। हामी यसमा दुःखी पनि छौं ।

हामीले यसपटक अधिवेशनमा भने कांग्रेस-एमाले सम्मिलित सरकार बनिसकेपछि राष्ट्रियसभा र प्रतिनिधिसभा दुवैमा विचाराधीन विधेयकको अवस्था के कस्तो छ र अबको अधिवेशनमा तिनीहरूलाई पारित गराउन के सम्भावना छ भन्नेबारे अध्ययन गरेका छौं । प्रतिनिधिसभामा १४ र राष्ट्रियसभामा ६ गरी २० विधेयक विचाराधीन छन् । यी विधेयक अब आउने सदनमा प्रस्तुत गर्ने गरी त्यसको तयारी गर्ने काम भएको छ। सरकारले पनि केही नयाँ विधेयक दर्ता गर्ने गृहकार्य गरेको जानकारी आएको छ। अब बस्ने हिउँदे अधिवेशन अन्तर्गतका बैठकलाई बढीभन्दा बढी कानुन पारित गर्ने गरी ध्यानदृष्टि जानुपर्छ भन्ने मान्यता हो।


सरकारले ल्याउनै पर्ने विधेयक

विधेयक सदनमा त्यसै फुत्त आउने विषय पनि हैन। विधेयक भनेको हामीले सरकार सञ्चालन क्रममा विगतमा कतिपय ऐन-कानुनलाई संशोधन गर्नुपर्ने विषय विधेयकका रूपमा आउँछ। पुराना ऐन-कानुन जो समय अनुकूल परिवर्तन गर्नुपर्ने हुन्छ। त्यस किसिमका कानुन प्रस्तावित भएर आउँछन्। केही नयाँ कानुन पनि आउँछन् ।

ती कानुन कहाँबाट आउँछन् त भन्दा संविधानलाई टेकेर मात्र नयाँ कानुन आउने हो। अथवा, सरकार सञ्चालन क्रममा संविधानबमोजिम कस्ता किसिमका कानुन आवश्यक छन् भन्नेबारे एउटा खालको गृहकार्य भएको छ। त्यस गृहकार्यअनुसार नयाँ ऐन-कानुन आउने हो।

प्रहरी, निजामती सेवा, शिक्षालगायत ऐन जो संघसँग सम्बन्ध राख्छन्। त्यस्ता किसिमका ऐन-कानुन अब संघले रोकेर राख्न मिल्दैन।

हामीले २०७२ सालमा संविधान जारी गरिसकेपछि २०७४ मा पहिलो पटक निर्वाचन गऱ्यौं । प्रदेश र संघको निर्वाचन गरे पनि प्रदेश तहको संरचनाले पाउनुपर्ने जुन ऐन-कानुन हो आजसम्म बन्न सकेको छैन । जसले गर्दा प्रदेश सरकार र संसद्ले फुल फेजमा काम गर्न पाएका छैनन् ।




प्रहरी, निजामती सेवा, शिक्षालगायत ऐन जो संघसँग सम्बन्ध राख्छन् । त्यस्ता किसिमका ऐन-कानुन अब संघले रोकेर राख्न मिल्दैन । हामीले संघीय संसद्बाट संविधान कार्यान्वयन गर्ने अथवा संघीय संरचनालाई संस्थागत गर्ने गरी ऐन जतिसक्दो चाँडो अबको सदनमा ल्याएर पारित गराउनुपर्छ भन्ने ढंगले काम गरिरहेका छौं । सरकारले पनि त्यही ढंगले गृहकार्य गरिरहेको छ।

अवसर के छ ? चुनौती के छ ?

हामीले सदनको हिउँदे अधिवेशनलाई चुनौतीभन्दा पनि अवसरका रूपमा लिनुपर्छ। चुनौती सामना गर्दै अवसर सिर्जना गर्ने हो। अहिलेजस्तो संसद्को पहिलो र दोस्रो दल अर्थात् कांग्रेस-एमाले मिलेको समीकरण विगतमा पनि कठिन परिस्थितिमा आएको थियो। अहिले पनि विशेष परिस्थितिमा यो समीकरण बनेको छ। राजनीतिक स्थायित्व तथा सुशासन र समृद्धिका लागि भनेर जुन समीकरण बनेको छ यसलाई चुनौती आउँछन् नै।

चुनौती आयो भनेर हताश हुनुपर्ने अवस्था छैन। यसलाई अब अवसरमा परिणत गर्नुपर्छ। हाम्रा प्रादेशिक सरकार छन्। सातै प्रदेशमा कांग्रेस-एमालेको सरकार छ। संघमा मात्र हैन, दुईतिहाइभन्दा बढी स्थानीय तहमा कांग्रेस-एमालेको सरकार छ। हामीले तीनै तहको सरकार हुँदा पनि अवसरका रूपमा परिणत गर्न सकेनौं भने यस्तो अवसर पुनः कांग्रेस-एमालेलाई भोलिका दिनमा आउन सक्दैन। सरकारले आफ्नो सेवा दिन सकेर जनतामा आशा जगाउनुपर्छ भन्ने लाग्छ।

संसद् सञ्चालन गर्ने

जिम्मेवारी सरकारको हो। सरकारले बिजनेस नल्याएसम्म संसद् चल्ने अवस्था हुँदैन। त्यसकारण संसद्लाई नियमित गर्न सरकारमा रहेका मन्त्री वा सरकारले पनि बिजनेस सदनमा ल्याउने र विधायिकीहरूले पनि आएको बिजनेसलाई पनि सोही ढंगबाट आफ्नो क्रियाशीलता देखाउनुपर्छ। समितिमा पनि त्यति नै क्रियाशीलता जरुरी छ। फुल हाउसमा पनि उस्तै क्रियाशीलता जरुरी छ। क्रियाशीलता देखाएर सरकारमा भएका दलका सांसदले विशेषगरी प्रमुख भूमिका खेल्नुपर्छ।

विगतमा कमीकमजोरी भएका छन् । समिति बैठकमा कोरम नपुग्ने, संसद्मा पनि कोरम नपुग्ने। सांसदहरू पनि कानुन निर्माणभन्दा अन्य काममा बढी व्यस्त हुने। यो ढंगबाट विगतमा कमीकमजोरी भएको छ। कतिपय ऐन धेरै पहिले पारित गर्न सकिन्थ्यो होला। तर, त्यही कारण पारित हुन नसकेको तीतो यथार्थ छ। त्यसकारण अबको अधिवेशनमा यस्ता गुनासा आउने गरी काम गर्नुहुँदैन।

एमाले र कांग्रेस मिलेर सदनमा विचाराधीन विधेयकलाई पारित गर्नुपर्छ भनेर संयन्त्र बनाएरै सहजीकरणको काम गरेको छ। कांग्रेसबाट म र एमालेबाट योगेश भट्टराईले यसमा काम गऱ्यौं। हामीले सम्बन्धित समितिका सभापति, सांसदहरूसँग परामर्श, समन्वय गरी काम गरेका छौं। उहाँहरूलाई विधेयक अघि बढाउन सहजीकरण गऱ्यौं।

विधेयक पारित गराउन धेरै संशोधन (जस्तोः निजामती र शिक्षा विधेयकमा) आएका छन्। त्यसलाई कसरी समाधान गर्ने र दलीय रूपमा विचारहरूलाई कसरी एकीकृत गरेर ती विधेयक पारित गर्ने भन्ने चुनौती छ। हामी त्यसमा लागिपरेका छौं। यसलाई निरन्तरता दिनुपर्छ। केही समय छलफल गरियो। अब टुंगियो हैन कि निरन्तर रूपमा छलफल गरेर अबको सदनलाई प्रभावकारी बनाउनुपर्छ भन्ने लाइनबाट उच्चस्तरीय संयन्त्रले काम गरेको छ।रातोपाटी

# स्वास्थ्य सेवा ऐनमा नर्सिङ पेसाको हकहित समेटिन्छ : स्वास्थ्यमन्त्री पौडेल



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवा ऐनमा नर्सिङ पेसाको पेसागत हकहित समेटिने बताउनुभएको छ।

नेपाल नर्सिङ सङ्घको ६३औँ वार्षिकोत्सव तथा साधारणसभामा उहाँले स्वास्थ्य सेवा ऐनको मस्यौदा बनिरहेको जानकारी दिँदै भन्नुभयो, "ऐनको मस्यौदा बन्दै छ। नर्सिङको हकहितका लागि पनि विषय समेट्छौँ। सम्भवतः यही 'सेसन' मा पास गर्छौं।"

नर्सिङ जनशक्ति पलायन हुन नदिन सुविधा वृद्धि गर्ने, सुरक्षित वातावरणमा काम गर्ने अवसर प्रदान गर्ने, राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने, व्यक्तित्व विकासमा ध्यान दिएर काम गर्ने वातावरण तयार गरिने मन्त्री पौडेलले बताउनुभयो। उहाँले व्यक्तिगत पहुँचका आधारमा नभई पदोन्नतिका विधिका आधारमा गरिनुपर्ने बताउनुभयो।

मन्त्री पौडेलले भन्नुभयो, "श्रम ऐनले तोकेको दक्ष जनशक्तिलाई २२ हजारभन्दा तल दिन पाइँदैन। यसबारे रिपोर्ट गरेमा प्रमाणका आधारमा अस्पतालको सम्बन्ध खारेज गर्छौं। धेरैले रिपोर्ट गर्न डराउनुहुन्छ। आफ्नो अधिकारको लागि आफैँ लड्नुपर्छ।"

नर्सिङ सङ्घकी अध्यक्ष चन्द्रकला शर्माले नर्सहरू विकराल अवस्थामा काम गरिरहेको बताउँदै यसमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "विश्वव्यापी नै नर्सहरूको खडेरी भइरहेको अवस्था छ। नर्सजस्तो प्राविधिक जनशक्तिलाई दैनिक ज्यालादारीमा काम गराइरहेका छन्। तलब भत्ता, सेवा सविधा न्यून छ। तलब सरकारले भनेअनुसार पाएका छन् वा छैनन् भन्नेमा अनुगमन हुनुपर्छ।"

नर्सिङ सङ्घकी पूर्वअध्यक्ष तारा पोखरेलले नर्सहरूलाई देशमै बस्ने वातावरण सरकारले मिलाउनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "देशभर एक लाख २० हजार बढी नर्सले लाइसेन्स लिइराख्दा ५० हजार नर्स पनि छन् वा छैनन् भन्नेमा शङ्का छ किनकी नेपालमा काम गर्ने वातावरण छैन। दैनिक ज्यालादारीमा काम गर्ने भए कसले काम गर्छ? नर्सहरू पलायन भइरहेका छन्।

सबै पलायन भए के देशले नर्सलाई आयात गर्न खोजेको हो? नर्सहरू पलायन हुन नपरोस्।"

नेपाल चिकित्सक सङ्घका अध्यक्ष अनिलविक्रम कार्कीले नर्सबिना चिकित्सकहरू जहिल्यै पनि अपुरो हुने बताउनुभयो। उहाँले नर्स र चिकित्सकलगायत स्वास्थ्यकर्मीको जनशक्तिको आवश्यकताबारे नबुझिएको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो राजनीतिक नेतृत्वले स्वास्थ्यको जनशक्तिलाई बुझ्नै चाहेन। रासस

# देशलाई पछ्यौटेपनबाट उन्नतस्तरमा लान सरकार अग्रसर छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले ल्याएका विभिन्न अध्यादेशप्रति आम रूपमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताउनुभएको छ।


यही माघ १८ गतेदेखि सुरु हुने सङ्घीय संसद्को हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा मंगलबार बसेको एमालेको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै केही गरौँ भन्ने युवालाई स्वदेशमा काम गर्ने उचित वातावरण दिन, जनताका सेवामा प्रभावकारिता ल्याउन र उद्योग-व्यवसाय सञ्चालनका लागि सहज वातावरण बनाउन अध्यादेश ल्याइएको स्पष्ट गर्नुभयो।

उहाँले जारी अध्यादेशबाट २९ वटा कानुनमा संशोधन गरिएको जानकारी दिँदै अब छिट्टै प्रतिस्थापन विधेयक ल्याई यही हिउँदै अधिवेशनबाट कानुन निर्माण गरी विधि र प्रक्रियाका आधारमा देश र जनताका पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपाल सरकारको गत पुस २६ गतेको मन्त्रिपरिषद्को बैठकले ती अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि अध्यादेश जारी भएका थिए।

एमाले संददीय दलका नेता एवं प्रधानमन्त्री ओलीले सदनमा तथ्य र तर्कका आधारमा संयमित र जिम्मेवार रूपमा प्रस्तुत हुन तथा प्रभावकारी उपस्थिति जनाउन सांसदलाई आग्रह गर्दै अरूले गलत आरोप र भ्रम छरेमा रचनात्मक र सशक्त प्रतिवाद गर्न निर्देशन दिनुभयो। राष्ट्रिय एकता, स्वाधीनता र सार्वभौमसत्ताका पक्षमा स्पष्टताका साथ सरकार प्रस्तुत हुने बताउँदै उहाँले मुलुकको उन्नतिसहित जनताको सुशासनका पक्षमा नीतिगत स्पष्टता र व्यवहारिक रूपमा दृढताका साथ प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो।

> प्रधानमन्त्री ओलीले देशलाई पछ्यौटेपनबाट उन्नतस्तरमा लान अग्रसर रहेको वर्तमान सरकारलाई सरकारलाई सहयोग गर्न सबैसँग अनुरोध गर्नुभयो।



प्रधानमन्त्री ओलीले दुवै छिमेकी मुलुकसँग सन्तुलित, मित्रतापूर्ण, आशङ्कारहित ढङ्गबाट पारस्परिक लाभका आधारमा सम्बन्ध सुदृढ गर्दै छिमेकीको विकासको लाभ लिनेगरी अघि बढ्ने बताउनुभयो। उहाँले नेपालले छिमेक सम्बन्धलाई विशेष प्राथमिकता दिने र अन्तर्राष्ट्रिय सम्बन्धलाई देखिने र सुनिने बनाउने पनि बताउनुभयो।

"केही भएन भन्ने गलत भाष्य स्थापित गर्न खोजिएको छ। शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा ध्यान दिएर काम गरिरहेका छौँ। हामीले सरकारका नेतृत्व गरिरहँदा असाधारण रूपमा काम गर्नुपर्दछ। अहिलेको संयुक्त सरकार आगामी निर्वाचनसम्म जानेछ।

सरकार आजै ढल्यो, भोलि ढल्यो भनेर गरिएको प्रचारको कुनै अर्थ छैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "श्रीलङ्का र बङ्गलादेशका उदाहरणका कुरा गरे पनि नेपालमा लोकतान्त्रिक अभ्यास र संवैधानिक प्रक्रियाबाहेक अरू प्रकारका अराजकताका बाटोबाट परिवर्तनको अपेक्षा सम्भव छैन।"

प्रधानमन्त्री ओलीले संविधान संशोधन गर्दा राष्ट्रिय एकतालाई मजबुत बनाउने र स्वीकार्यताको दायरा बढाउने क्रममा यसअघि नेपालको नयाँ राजनीतिक नक्सा समावेश गरिएको सन्दर्भ उल्लेख गर्दै विद्यमान संविधानसँग असहमत रहेका पक्षसँग पनि संवाद गरेर मूलधारको राजनीतिमा ल्याइएको स्मरण गर्नुभयो। "अहिले सबै शक्ति मूलतः मूलधारको राजनीतिमा छन्। राष्ट्रिय राजनीति लोकतान्त्रिक मूलधारको एउटा 'ट्र्याक'मा अगाडि बढेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

उहाँले आफूहरु मानवतावाद र विश्व शान्तिका पक्षमा रहेको र जलवायु परिवर्तनको असरप्रति सजग हुँदै वातावरणीय सुरक्षामा ध्यान दिएर छिट्टै सगरमाथा संवाद आयोजना गर्न लागिएको बताउनुभयो। प्रधानमन्त्री ओलीले देशलाई पछ्यौटेपनबाट उन्नतस्तरमा लान अग्रसर रहेको वर्तमान सरकारलाई सरकारलाई सहयोग गर्न सबैसँग अनुरोध गर्नुभयो।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले ल्याएका अध्यादेश र विद्यमान कानुनमा गरिएको संशोधनको आवश्यकताबारे प्रकाश पार्नुभएको थियो।रासस

# सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमन गर्नेसम्बन्धी विधेयक संसद्मा



काठमाण्डु । 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' संसद्मा दर्ता भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मंगलबार यो विधेयक राष्ट्रियसभामा दर्ता गरेको हो।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेको भन्दै सरकारले विधेयक संसद्मा लगेको मन्त्रालयले जनाएको छ।

सूचना प्रविधि क्षेत्रमा भएको विकाससँगै सामाजिक सञ्जालको प्रयोग बढिरहेकाले यसको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेका कारण विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ। "सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक छ", राष्ट्रियसभामा दर्ता गरिएको विधेयकमा भनिएको छ।

नयाँ कानुन बनाई कार्यान्वयन भएपश्चात् नेपालमा विद्युतीय स्वरूपमा रहेको सूचना सुरक्षा तथा वैयक्तिक विवरणहरूको गोपनीयताको स्तरमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। यस्तै, साइबर सुरक्षाको अवस्थामा सुधार, विद्युतीय शासनको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन हुन कानुनी आधार तय हुने र सूचना प्रविधिसम्बन्धी व्यवसाय व्यवस्थित एवं मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुने जनाइएको छ।

प्रस्तावित कानुनमा केही महत्वपूर्ण नयाँ विषयहरू समावेश गर्न खोजिएको छ।

जसमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनुमतिपत्र लिनुपर्ने र अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तहरूलगायत व्यवस्था गरिएका छन्। यस्तै, सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नियमन गर्ने, प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त, द्रुत प्रतिकार्य समूह गठन र सचेतना कार्यक्रम सञ्चालन र सामाजिक सञ्जाल व्यवस्थापनका लागि संस्थागत व्यवस्थालगायत विषयहरू विधेयकले समेटेको छ। सामाजिक सञ्जालको प्रयोगमार्फत हुने कसुर तथा सजाय, अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने र पुनरावेदन सुन्नेसम्बन्धी प्रावधानहरू पनि विधेयकमा राखिएका छन्।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनिवार्य रूपमा अनुमति लिनुपर्नेछ। यस्तो अनुमतिपत्रको अवधि दुई वर्षको हुने विधेयकमा उल्लेख छ। सञ्चालन अनुमति नलिएका प्लेटफर्म सञ्चालनमा रोक लगाउने, सर्तहरू पालना नगर्नेको अनुमति रद्द गर्न सक्नेलगायत विषयहरू पनि विधेयकमा छन्। अनुमति नलिई यस्तो प्लेटफर्म चलाएमा रु २५ लाखसम्म जरिवाना हुनसक्ने विधेयकमा उल्लेख छ। सामाजिक सञ्जाल प्लेटफर्महरूको अनुमतिपत्र जारी गर्ने, नवीकरण, अनुगमन तथा निरीक्षण, अनुमति रद्दलगायतका कार्यहरू सूचना प्रविधि विभागमार्फत हुनेछन्।

सामाजिक सञ्जाल प्रयोग गर्दा कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा 'हेट स्पीच' मानिने कार्य गर्न पाउने छैनन्।

कुनै व्यक्ति, समूह वा समुदायविरूद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सनजस्ता कार्यलाई विधेयकले 'हेट स्पीच' का रूपमा परिभाषित गरेको छ।

सामाजिक सञ्जालमा मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रसार नगर्ने विषय पनि विधेयकमा परेको छ। यस्तै, प्रचलित कानुनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार गर्न नहुने एवं अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार गर्न नहुने उल्लेख छ। गर्न नहुने भनी तोकिएका यी कार्य कुनै प्रयोगकर्ताले गरेमा रु पाँच लाखसम्म जरिवाना गर्नसक्ने प्रावधान पनि विधेयकमा राखिएको छ।

सामाजिक सञ्जालमा कसैले राष्ट्रहित प्रतिकूल हुने कार्य गरेमा त्यस्तो व्यक्तिलाई पाँच वर्षसम्म कैद वा रु पाँच लाखसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था विधेयकमा राखिएको छ। साइबर बुलिङ गरेमा दुई वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्थासमेत विधेयकमा राखिएको छ। 'साइबर बुलिङ' भन्नाले कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, अडियो, भिडियो, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्नेजस्ता कार्य सम्झनुपर्छ' भनी विधेयकमा परिभाषित गरिएको छ।रासस

# सरकारले निजी मेडिकल कलेजका आवासीय चिकित्सकको निर्वाह भत्ता तोक्यो



काठमाण्डु । सरकारले निजी मेडिकल कलेजमा स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकले अब निर्वाह भत्ता उपलब्ध गराउन निर्णय गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सोमबार राति संयुक्त हस्ताक्षर गरी सार्वजनिक गर्नुभएको निर्णयमा निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई दिइने निर्वाह भत्ताको व्यवस्था गरिएको हो। उहाँहरुले आवासीय चिकित्सकलाई निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गर्दै सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गर्नुभएको छ। जसअनुसार निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई पहिलो वर्ष कम्तीमा रु २५ हजार, दोस्रो वर्ष कम्तीमा रु ३० हजार र तेस्रो वर्ष कम्तीमा रु ३५ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरिएको छ।

यो व्यवस्था शैक्षिक सत्र २०८१/८२ देखि नै लागू हुने उल्लेख छ।

प्रधानमन्त्री एवं चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा गत मङ्सिर ९ गते बसेको चिकित्सा शिक्षा आयोगको पन्ध्रौँ बैठकले निजी लगानीका मेडिकल कलेजले प्रदान गर्ने निर्वाह भत्तासम्बन्धी समस्या समाधान गर्ने जिम्मेवारी शिक्षा र स्वास्थ्यमन्त्रीलाई दिएको थियो। सोही अनुसार विभिन्न सरोकारवालासँग पटक पटक भएको छलफलका आधारमा यो निर्णय गरिएको मन्त्रीद्वयले हस्ताक्षर गरेको निर्णयमा उल्लेख छ। त्यसैगरी, निजी मेडिकल कलेजले शैक्षिक सत्र २०८१/८२ देखि स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई स्वास्थ्य मन्त्रालयको छात्रवृत्ति निर्देशिकाअनुसार निर्वाह भत्ता प्रदान गर्ने र निःशुल्क अध्ययन गर्न चाहने आवासीय चिकित्सकलाई अध्ययनपश्चात् दुई वर्ष सोही शिक्षण संस्थामा कबुलियतनामा गरी सेवा गर्ने व्यवस्था मिलाउन सरकारले आवश्यक कानुनी प्रबन्ध गर्ने निर्णय गरिएको छ।

निजी मेडिकल कलेजले स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल एवं प्रचलित श्रमसम्बन्धी कानुनबमोजिम मर्यादित सेवासुविधा उपलब्ध गराउनुपर्ने निर्णयमा भनिएको छ।रासस

## वर्तमान सरकारले जनतामा आशा जागेको छः उपमहासचिव ज्ञवाली

गुल्मी । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले वर्तमान सरकारले नागरिकमा आशा र भरोसा जगाएको बताउनुभएको छ। देशले छोटो समयमा धेरै उपलब्धि हासिल गरेको उल्लेख गदै उहाँले देशमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने काममा सरकारले महत्वपूर्ण काम गरेको बताउनुभयो।

प्रेस चौतारी नेपालले मंगलबार सदरमुकाम तम्घासमा आयोजना गरेको पत्रकार सम्मेलनमा ज्ञवालीले दुई ठूला पार्टी जुन उद्देश्यका साथ सरकारमा आएका छन् त्यो उद्देश्य पूरा गर्ने काममा लागिपरेको बताउनुभयो।रासस

# शून्य कार्बन लक्ष्यसहित दिगो ऊर्जा विकासमा सरकार प्रतिबद्ध छः मन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा विकासलाई दिगो, समावेशी र न्यून कार्बन अर्थतन्त्रको आधार बनाउन सरकार योजनाबद्ध ढङ्गले अघि बढिरहेको बताउनुभएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यहाँ आयोजना गरेको 'दिगो र न्यून कार्बन अर्थतन्त्रका लागि ऊर्जा रुपान्तरण सम्मेलन, २०२५' मा उहाँले विकास परियोजनामा जोखिम न्यूनीकरण, आन्तरिक ऊर्जा खपत वृद्धि, ऊर्जा निर्यात प्रवर्द्धनलगायत योजनालाई कार्यान्वयन गर्दै दिगो विकासको मार्गमा सरकार अघि बढिरहेको बताउनुभयो।

"पूर्वाधार निर्माणका क्रममा सिर्जना हुने जोखिमलाई कसरी न्यून गर्न सकिन्छ भनेर गम्भीरताका साथ सोच्नुपर्ने बेला आएको छ, जोखिम अध्ययन गरेर त्यसको न्यूनीकरणका लागि आवश्यक कार्य गर्न जरुरी छ", मन्त्री खड्काले भन्नुभयो। उहाँले दिगो विकासका लागि दातृ निकाय र विकास साझेदारको सहयोगलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा पनि जोड दिनुभयो।

उहाँले केही समयअघि सरकारले सार्वजनिक गरेको १० वर्षे ऊर्जा विकास रणनीतिबारे चर्चा गर्दै भन्नुभयो, "बलियो सरकार भएका बेला बलिया र राम्रा काम गर्नुपर्ने बेला छ, अबको १० वर्षमा ऊर्जा क्षेत्रमा के-कस्ता काम गर्ने भनेर १० वर्षे रणनीति बनाई कार्यान्वयनमा ल्याइएको छ", उहाँले भन्नुभयो, "सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य सम्भव छ, यसका लागि हामीले विभिन्न कानुन परिमार्जन गरेर समयानुकूल बनाएका छौँ, त्यस्तै आगामी १० वर्षमा प्रतिव्यक्ति ऊर्जा खपतलाई वार्षिक एक हजार पाँच सय युनिट पुऱ्याउने लक्ष्य राखेका छौँ।"

सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धताबारे स्मरण गर्दै



मन्त्री खड्काले यो लक्ष्य प्राप्तिका लागि सरकारसँग बलियो योजना रहेको र आवश्यक कानुन परिमार्जन तथा संरचना निर्माण गरिसकिएको समेत जानकारी दिनुभयो। ऊर्जा क्षेत्रलाई थप सबल बनाउन सरकारले निजी क्षेत्रलाई पनि प्रसारण लाइन निर्माण र सञ्चालनमा सहभागी गराएको उहाँको भनाइ छ। साथै ऊर्जा परियोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई आर्थिक रूपमा सशक्त बनाउन शेयर वितरणको नीति लागू गरिएको उहाँले बताउनुभयो। "कम्तीमा एउटा घरधुरीका लागि रु दुई लाखदेखि पाँच लाखसम्मको शेयर प्रदान गर्नुपर्ने नीति कार्यान्वयन हुन आवश्यक छ, यसबाट लगानी जुट्ने मात्र होइन, परियोजनाप्रति स्थानीय अपनत्व पनि बढ्छ," उहाँले भन्नुभयो।

ऊर्जाको आन्तरिक खपत बढाउने र निर्यात प्रवर्द्धन गर्ने सरकारको नीति रहेको पनि उहाँले बताउनुभयो। त्यस्तै, ऊर्जा विकास अभियानमा दातृ निकाय, विकास साझेदार, निजी क्षेत्रलगायत सबै वर्ग र क्षेत्रको सहभागिता आवश्यक रहेकामा उहाँले जोड दिनुभयो। त्यस्तै, ऊर्जा रुपान्तरण सम्मेलनले नेपाललाई दिगो र न्यून कार्बन अर्थतन्त्रतर्फ लैजान महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्दै मन्त्री खड्काले सम्मेलनबाट प्राप्त सुझावलाई सरकारले ग्रहण गर्ने र आवश्यकताअनुसार त्यसको सम्बोधन गर्दै जाने बताउनुभयो।

जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले शत्प्रतिशत विद्युतीकरणका लागि नवीकरणीय ऊर्जामा लगानी बढाउन आवश्यक रहेको बताउनुभयो। "सरकारले नीति, योजना, कानुन बनाउँदा नवीकरण ऊर्जा प्रवर्द्धन र ऊर्जा दक्षतालाई महत्व दिएको छ, प्रसारणलाइन नपुगेका स्थानमा वैकल्पिक ऊर्जाका स्रोतबाट पनि विद्युतीकरण गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "यस्ता कतिपय कुरा नीति एवं कार्ययोजनामा समावेश भएका छन्भने कतिपय हुन बाँकी छन्, यस विषयमा सरकारले ध्यान पुऱ्याउनेछ।"

नेपालस्थित बेलायती राजदूतावासका विकास निर्देशक तथा उपराजदूत पिपा बर्डले नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि हरित वित्त परिचालनमा जोड दिइनुपर्ने बताउनुभयो।रासस

# गाजाका बासिन्दालाई इजिप्ट र जोर्डनमा बसाइँ सार्ने इच्छा दोहोर्याउँदै ट्रम्प

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार गाजाका प्यालेस्टिनीहरूलाई इजिप्ट वा जोर्डन जस्ता 'सुरक्षित' स्थानहरूमा सार्ने आफ्नो इच्छा दोहोर्याउनुभएको छ। साथै उहाँले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग वासिङ्टनमा 'चाँडै नै' भेट गर्ने बताउनुभएको छ।

उहाँले शनिबार इजरायल र हमासबीचको १५ महिनाभन्दा बढी चलेको युद्धले प्यालेस्टिनी



क्षेत्रलाई 'भग्नावशेष' मा परिणत गरेपछि गाजालाई 'सफा गर्ने' विचार अघि सार्नुभएको थियो।

"म तिनीहरूलाई बिना अवरोध र क्रान्ति र हिंसा बिना बस्न सक्ने क्षेत्रमा बसोबास गराउन चाहन्छु", ती टिप्पणीहरूको बारेमा सोध्दा ट्रम्पले सोमबार साँझ एयर फोर्स वनमा पत्रकारहरूलाई भन्नुभयो, "तपाईंलाई थाहा छ, जब तपाईं गाजा पट्टीलाई हेर्नुहुन्छ, यो धेरै वर्षदेखि नरक जस्तै छ... यससँग सधैं हिंसा जोडिएको छ।" दुई-राज्य समाधानका लागि यसको अर्थ के हुन्छ भन्ने प्रश्नमा उहाँले नेतन्याहुसँग 'निकट भविष्यमा' भेट गर्ने बताउनुभयो। "उहाँ मसँग भेट गर्न यहाँ आउँदै हुनुहुन्छ", उहाँले भन्नुभयो।

ट्रम्पले हालैका दिनहरूमा जोर्डनका राजा अब्दुल्लाह द्वितीय र इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग पनि वार्ता गर्नुभएको छ। अल-सिसीले ऐतिहासिक रूपमा प्यालेस्टिनीहरूलाई विस्थापित गर्ने कुराको विरोध गर्दै आउनुभएको छ।"म उहाँले केही लिनुहुन्छ भन्ने चाहन्छु", ट्रम्पले अल-सिसीका बारेमा भन्नुभयो, "हामीले उहाँहरूलाई धेरै मद्दत गर्यौं र म पक्का छु उहाँले हामीलाई मद्दत गर्नुहुनेछ, जसरी उहाँहरू भन्नुहुन्छ, यो एक कठिन छिमेक हो, तर म सोच्छु उहाँले यो गर्नुहुनेछ र म सोच्छु जोर्डनका राजाले पनि यो गर्नुहुनेछ।"

सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणले प्रेरित युद्धले गाजा पट्टीका करिब २४ लाख बासिन्दा विस्थापित भएका छन्।

# ट्रम्पको आपराधिक मामिलामा काम गर्ने अभियोजकहरू बर्खास्त



एएनआई

वासिङ्टन । अमेरिकी न्याय विभाग (डिओजे) ले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आपराधिक अनुसन्धानमा काम गर्ने केही अभियोजकहरूलाई बर्खास्त गरेको सिएनएनले यस मामिलासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ।

कार्यवाहक महान्यायाधिवक्ता जेम्स म्याकहेनरीले अधिकारीहरूलाई लेखेको पत्रमा उनीहरूलाई ट्रम्पको एजेन्डा 'विश्वासपूर्वक' कार्यान्वयन गर्न 'विश्वास' गर्न नसकिने बताउनुभएको छ ।उहाँले यी अधिकारीहरूले ट्रम्पको अभियोजनमा 'महत्त्वपूर्ण भूमिका' खेलेको र सरकारको उचित कार्यप्रणाली वरिष्ठ अधिकारीहरूले आफ्ना अधीनस्थहरूमा राखेको विश्वासमा निर्भर रहेको कुरामा जोड दिनुभयो।

"तपाईंले राष्ट्रपति ट्रम्पमाथि मुद्दा चलाउन महत्त्वपूर्ण भूमिका खेल्नुभयो। सरकारको उचित कार्यप्रणाली गम्भीर रूपमा उच्च अधिकारीहरूले आफ्ना अधीनस्थहरूमा राखेको विश्वासमा निर्भर गर्दछ", म्याकहेनरीले लेख्नुभएको छ, "राष्ट्रपतिको अभियोजनमा तपाईंको महत्त्वपूर्ण भूमिकालाई मध्यनजर गर्दै विभागको नेतृत्वले तपाईंलाई राष्ट्रपतिको एजेन्डा विश्वासपूर्वक कार्यान्वयन गर्न सहयोग गर्न विश्वास गर्न सक्दैन भन्ने मलाई लाग्छ।"

यो कदम ट्रम्प प्रशासनले जनवरी ६ का प्रतिवादीहरू विरुद्धको आपराधिक मामिलाहरूको निरीक्षण गरेका अभियोजकहरूको अनुसन्धान गर्न कदम चालिरहेको बेला आएको हो । ट्रम्पले आफ्नो अभियानको प्रमुख प्रतिज्ञाका रूपमा बदला लिने घोषणा गरेपछि यो कदम चालिएको हो। वासिङ्टन डिसीका अन्तरिम अमेरिकी वकिल एड मार्टिनले गत गर्मीमा सर्वोच्च अदालतको निर्णयका कारण खारेज भएका केही दङ्गाकारी विरुद्ध युएस कोड १५१२(सी) अन्तर्गत अवरोध आरोप लगाएका अभियोजकहरूको अनुसन्धान सुरु गर्नुभएको छ।

यस प्रयासलाई 'विशेष परियोजना' भन्दै मार्टिनले सोमबार जारी गरेको मेमोमा अभियोजकहरूले '१५१२ आरोपहरूको प्रयोगसँग सम्बन्धित सबै जानकारी, सबै फाइल, कागजात, नोट, इमेल र अन्य जानकारी' कार्यालयका दुई दीर्घकालीन अभियोजकहरूलाई दिनुपर्ने उल्लेख गर्नुभएको छ । उनीहरूले शुक्रबारसम्म अनुसन्धानको प्रतिवेदन पेश गर्नुपर्नेछ।

मेमोमा लेखिएको छ, "स्पष्ट रूपमा प्रयोग हाम्रो कार्यालय-एसटी निर्णयको ठूलो असफलता थियो र हामी यसको तहसम्म पुग्न आवश्यक छ ।" यसले जुनमा भएको सर्वोच्च अदालतको निर्णयलाई उल्लेख गरेको छ जसले जनवरी ६ का दङ्गाकारीहरू विरुद्ध अवरोध आरोप लगाउन सङ्घीय अभियोजकहरूको शक्तिलाई सीमित गरेको थियो।

यो निर्णय अमेरिकी न्याय विभागले पहिले नै उच्च-प्रोफाइल अनुसन्धानसँग सम्बन्धित अधिकारीहरूको पुनर्नियुक्ति गरिसकेको बेला आएको हो । यसमा सन् २०२० को राष्ट्रपतीय चुनाव उल्टाउने प्रयासका लागि ट्रम्प विरुद्धको अहिले खारेज भएको मुद्दा पनि समावेश छ ।जनवरी ६ का मामिलाहरूमा काम गर्ने अभियोजकहरूले मेमोले अमेरिकी न्याय विभागले 'अनुसन्धानकर्ताहरूको अनुसन्धान' गर्न थालेको बताएका छन् । यसलाई ट्रम्पले लामो समयदेखि धम्की दिनुभएको छ।

क्यापिटल दङ्गाका मुद्दाहरूमा काम गरेका एक व्यक्तिले सिएनएनलाई अभियोजकहरूलाई यो अनुसन्धानले आपराधिक वा नागरिक आरोपहरू लगाउन खोजिरहेको छ कि छैन भन्ने थाहा नभएको र केहीले आफ्नो बचाउका लागि आफ्नै वकिल राख्न थालेको बताए।

# पृथ्वी मावि बाक्सिलाले कब्जा गर्‍यो राष्ट्रपति रनिङ शिल्ड




खोटाङ । केपिलासगढी गाउँपालिकाले आयोजना गरेको अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपतिरनिङशिल्डपृथ्वीमाध्यमिक विद्यालय बाक्सिलाले कब्जा (पच) गरेको छ।

तेस्रो अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लगातार तेस्रो पटक विजयी भएपछि सोमबार पृथ्वी माविले शिल्ड कब्जा गरेको हो।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७०, पाँचौं संशोधन २०८० मा उल्लेख भएअनुसार लगातार तीन पटकसम्म रनिङ शिल्ड प्रतियोगितामा विजयी हुनेले सो रनिङ शिल्ड सधैंका लागि राख्न पाउने व्यवस्था छ। चार दिनसम्म सञ्चालन भएको प्रतियोगितामा सितोरियो कराँते र तेक्वान्दोसहित २६ स्वर्ण, २१ रजत २५ कास्य पदक ल्याएर पृथ्वी माविले उपाधि आफ्नो पोल्टामा पारेको हो।

यही माघ ११ गतेदेखि सुरु भएको प्रतियोगितामा आठ स्वर्ण, तीन रजत, एक कास्य पदकसहित शुक्रजित मावि दोस्रो र तीन स्वर्ण, छ रजत र एक कास्य पदकसहित जालपा मावि बाक्सिला तेस्रो भएको छ । प्रतियोगितामा विजयी प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः नगद रु ५० हजार, ४५ हजार र ४० हजार नगद पुरस्कारको साथमा शिल्ड, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । विजयी विद्यालय तथा विद्यार्थीहरुलाई गाउँपालिका प्रमुख समिर राई, प्रमुख प्रशासकीय अधिकृत शौधन राईलगायतले पुरस्कार वितरण गर्नुभएको छ।

प्रतियोगितामा गाउँपालिकाभित्र सञ्चालित नौवटा माध्यमिक विद्यालयले सहभागिता जनाएका थिए । अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनोट भएका विद्यार्थीहरुले नवौं जिल्लास्तरीय प्रतियोगितामा सहभागिताजनाउनेछन्।केपिलासगढी गाउँपालिकासँगै हलेसी तुवाचुङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटेहाङ र बराहपोखरी गाउँपालिकाले पालिकास्तरीय प्रतियोगिता सम्पन्न गरिसकेका छन् ।रासस

# नगद अभावग्रस्त श्रीलङ्काले सवारी साधन आयातमा लगाएको प्रतिबन्ध हटायो



एएफपी

कोलम्बो । मुलुकले आफ्नो सबैभन्दा खराब आर्थिक मन्दीबाट बाहिर निस्कने थप सङ्केतहरू देखाएपछि श्रीलङ्काले मङ्गलबार सवारी साधन आयातमा लगाइएको पाँच वर्षको प्रतिबन्ध हटाउने घोषणा गरेको छ ।सूचनामन्त्री नलिन्दा जयतिसाले सन् २०२० देखि लागु गरिएको प्रतिबन्ध चरणबद्ध रूपमा हटाएर शनिबारदेखि बस, ट्रक र उपयोगिता सवारी साधनहरूको आयात खुला गरिने बताउनुभयो।

"हाम्रो विदेशी मुद्रा सञ्चिति रित्तिने गरी आयातमा वृद्धि हुन नदिन हामी धेरै सावधानीपूर्वक अघि बढिरहेका छौं", जयतिसाले कोलम्बोमा पत्रकारहरूलाई भन्नुभयो, "मागका आधारमा हामी कार, मोटरसाइकल र तीन पाङ्ग्रे सवारी साधन जस्ता अन्य श्रेणीका सवारी साधनहरूको आयात खोल्नेछौं।" उहाँले आयात आवश्यक कर राजस्व उत्पन्न गर्न आवश्यक भएको बताउनुभयो । सरकारले यस वर्ष आयातलाई लगभग एक अर्ब २० करोड डलरमा सीमित गर्ने आशा गरेको छ।

सवारी साधनमा हालको कर दर तीन सय प्रतिशतभन्दा बढी छ ।श्रीलङ्काले सन् २०२० मार्चमा आयात प्रतिबन्ध लगाउनु अघिको अन्तिम पूर्ण वर्ष सन् २०१९ मा सवारी साधन आयातमा एक अर्ब ४० करोड डलर खर्च गरेको थियो ।यस टापु राष्ट्रले सन् २०२३ अगस्टमा व्यावसायिक सवारी साधन आयात प्रतिबन्ध हटाउने प्रयास गरेको थियो तर देश अझै विदेशी ऋणमा डिफल्ट भएको अवस्थामा आयातकर्ताहरू प्रतीतपत्र खोल्न असमर्थ थिए।

श्रीलङ्काले द्विपक्षीय र निजी ऋणदाताहरूसँग ऋण पुनर्गठन सम्झौता सुरक्षित गरेपछि डिसेम्बरमा दिवालिया राष्ट्रका रूपमा आफ्नो स्थिति औपचारिक रूपमा समाप्त गर्यो।

यस मुलुकले सन् २०२२ अप्रिलमा आफ्नो ४६ अरब डलरको बाह्य ऋण चुकाउन असफल भएको थियो । किनकि देश आयातको वित्तपोषण गर्न विदेशी मुद्राबाट बाहिर निस्केको थियो, जसले खाद्यान्न, इन्धन र औषधिहरूको पीडादायी अभाव निम्त्यायो।

महिनौंको सडक प्रदर्शनले भ्रष्टाचार र कुव्यवस्थाको आरोप लागेका तत्कालीन राष्ट्रपति गोटाबाय राजपक्षेको पतन भयो ।उहाँका उत्तराधिकारीले अन्तर्राष्ट्रिय मुद्राकोषबाट राहत ऋण प्राप्त गर्नुभयो । यसले दक्षिण एशियाली राष्ट्र सुधार हुँदै गएको तर अझै पूर्ण रूपमा सङ्कटमुक्त नभएको बताएको छ।

> महिनौंको सडक प्रदर्शनले भ्रष्टाचार र कुव्यवस्थाको आरोप लागेका तत्कालीन राष्ट्रपति गोटाबाय राजपक्षेको पतन भयो । उहाँका उत्तराधिकारीले अन्तर्राष्ट्रिय मुद्राकोषबाट राहत ऋण प्राप्त गर्नुभयो ।

# पाकिस्तानमा गलत सूचना फैलाउन प्रतिबन्ध, ३ वर्षको जेल सजाय



एएफपी

इस्लामाबाद । पाकिस्तानले मङ्गलबार अनलाइन दुष्प्रचारलाई अपराधीकरण गर्दै तीन वर्षसम्मको कारावास सजायको व्यवस्था गरेको कानून पारित गरेको छ । यो निर्णयलाई पत्रकारहरूले असहमतिमाथि कारबाही गर्न डिजाइन गरिएको बताएका छन्।

यो कानूनले 'जानाजानी' अनलाइनमा त्यस्तो जानकारी फैलाउने जो-कोहीलाई लक्षित गर्छ, जसलाई उनीहरूले 'झूटो वा नक्कली र डर, त्रास वा अशान्ति वा अस्थिरताको भावना सिर्जना गर्न सक्ने' विश्वास गर्ने सम्भावना छ।

मङ्गलबार पत्रकारहरू विरोधमा ग्यालरीबाट बाहिर निस्किएपछि सिनेटले अनुमोदन गर्नुअघि गत हप्ता थोरै चेतावनीका साथ राष्ट्रिय सभाको माध्यमबाट कानून द्रुत गतिमा पारित गरिएको थियो।

पाकिस्तान फेडरल युनियन अफ जर्नालिस्टका सदस्य वरिष्ठ पत्रकार आसिफ बशीर चौधरीले सरकारले पत्रकारहरूलाई उनीहरूसँग परामर्श गर्ने आश्वासन दिएको तर उनीहरूलाई 'धोका दिएको र पिठ्युँमा छुरा प्रहार गरिएको' बताउनुभयो।

"हामी वास्तवमै दुष्प्रचार विरुद्धको कानून चाहन्थ्यौं तर यदि यो खुला छलफलमार्फत नभई डर र दबाबमार्फत गरिँदैछ भने हामी यसलाई हरेक उपलब्ध मञ्चमा चुनौती दिनेछौं", चौधरीले भन्नुभयो, "तानाशाही शासनमा पनि यो सरकारले जसरी कानून जबरजस्ती संसद्मा पारित गरिएको थिएन।" विधेयक अब स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाइनेछ।

विश्लेषकहरूका अनुसार धाँधली आरोपले ग्रस्त चुनावपछि र पाकिस्तानका सबैभन्दा लोकप्रिय नेता, पूर्व प्रधानमन्त्री इमरान खानलाई उहाँको पार्टीले राजनीतिक प्रेरित भनेका भ्रष्टाचारका विभिन्न आरोपमा जेलमा राखिएपछि सरकार वैधानिकताको सङ्घर्षमा छ ।खानका समर्थक र वरिष्ठ नेताहरूले पनि हजारौंको घेराबन्दीसहित कडा दमनको सामना गर्नुपरेको छ ।गत फेब्रुअरीको चुनावपछि मतदान धाँधलीको आरोप लगाउने पोस्टहरू फैलिएपछि सामाजिक सञ्जाल साइट एक्स बन्द गरिएको छ।

टेलिभिजनमा खानको नाम सेन्सर गरिएको छ र सम्पादकहरूले आफ्ना कार्यक्रमहरूको बढ्दो निगरानीको जानकारी दिएका छन् ।खानको पाकिस्तान तहरीक-ए-इन्साफ पार्टीका सदस्य सिनेटर सैयद शिब्ली फराजले नयाँ कानूनलाई 'अत्यन्त अप्रजातान्त्रिक' बताउनुभयो र यसले उहाँहरूका कार्यकर्ताहरूको 'राजनीतिक उत्पीडनलाई बढावा दिने' बताउनुभयो।

तथापि सरकारका मन्त्री तनवीर हुसेनले विधेयक सामाजिक सञ्जालको निगरानीमा केन्द्रित हुने बताउनुभयो । "भविष्यमा सामाजिक सञ्जालमार्फत समाजमा हुने अराजकता नियन्त्रण हुनेछ भन्ने मलाई विश्वास छ", उहाँले भन्नुभयो ।मानव अधिकार सङ्गठनको धारा १९ अनुसार पछिल्लो दशकमा विश्वव्यापी रूपमा फौजदारी कानूनसहित 'गलत सूचना' कानूनको प्रसार भएको छ।

यसले सरकारहरूलाई अनलाइन भाषण नियन्त्रण गर्न र प्रहरीलाई 'नक्कली समाचार' नियन्त्रण गर्न सक्षम बनाएको छ।

अभिव्यक्ति र सूचनाको स्वतन्त्रतालाई विश्वव्यापी रूपमा बढावा दिने यस समूहका अनुसार यस्ता कानूनहरूले पत्रकारितामा बाधा पुर्‍याउन सक्छन्।

# बङ्गलादेशले हसिना शासनका गल्तीहरू दोहोर्याउने खतरा : एचआरडब्लु



एएफपी

ढाका । पत्रकारहरू विरुद्धको प्रतिशोध र जथाभावी गिरफ्तारीले पदच्यूत प्रधानमन्त्री शेख हसिनाको शासनकालमा देखिएका कानूनी दुरुपयोगहरू अन्त्य गर्ने बङ्गलादेशको एक पुस्तामा एकपटक आउने अवसरलाई कमजोर पार्ने खतरा रहेको ह्युमन राइट्स वाच (एचआरडब्लु) ले मङ्गलबार चेतावनी दिएको छ।

विद्यार्थी नेतृत्वको क्रान्तिले आफ्नो १५ वर्षको निरङ्कुश शासनको अन्त्य गरेपछि हसिना गत अगस्टमा निर्वासनमा भाग्नुभएको थियो। नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले दूरगामी लोकतान्त्रिक सुधारहरू स्थापना गर्ने र नयाँ चुनाव गर्ने वाचा गर्दै केही दिनपछि कार्यभार सम्हालेको थियो। मङ्गलबार जारी एक प्रतिवेदनमा एचआरडब्लुले युनुसको प्रशासनले हसिनाको आवामी लिग पार्टीका विरोधीहरूलाई यातना दिने साधनको रूपमा प्रयोग गरिएका कमजोर संस्थाहरूको सुधार प्रक्रिया सुरु गरेको बताएको छ।

तर एचआरडब्लुका एसिया निर्देशक इलेन पियर्सनले चेतावनी दिनुभयो, "यदि अन्तरिम सरकारले द्रुत र संरचनात्मक सुधारहरू कार्यान्वयन गरेन भने यो कठिन मेहनतले प्राप्त प्रगति सबै गुम्न सक्छ।" हसिनाको निष्कासनपछि दुई महिनामा दशौं हजार मानिसविरुद्ध आरोप दर्ता गर्दै प्रहरीले हसिनाका समर्थकहरूलाई लक्षित गर्न 'अघिल्लो सरकारको विशेषता भएका दुर्व्यवहारपूर्ण अभ्यासहरूमा फर्केको' प्रतिवेदनले जनाएको छ।

हसिनाको सरकारलाई पल्टाउने विरोध प्रदर्शनमा सुरक्षा बलहरूद्वारा मारिएकाहरूका परिवार सदस्यहरूलाई कसलाई हत्याको आरोप लगाइँदैछ भन्ने नजानीकन मुद्दाका कागजातहरूमा हस्ताक्षर गर्न दबाब दिइएको प्रतिवेदनमा उल्लेख छ ।अन्तरिम सरकारले हसिनाको सरकारलाई समर्थन गर्ने पत्रकारहरू विरुद्ध कडा कारबाही गरेको पनि प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन अनुसार गत गृष्ममा प्रदर्शनकारीहरू विरुद्ध हसिना सरकारको दमनको कथित समर्थनका लागि नोभेम्बरसम्म कम्तीमा १४० पत्रकारविरुद्ध हत्याको मुद्दा दायर गरिएको थियो । युनुसको सरकारले अहिलेसम्म प्रतिवेदनमाथि टिप्पणी गरेको छैन ।चौरासी वर्षीय युनुसले आफूले सार्वजनिक प्रशासन र न्यायको 'पूर्ण रूपमा भत्किएको' प्रणाली उत्तराधिकारमा पाएको उल्लेख गर्दै यसलाई भविष्यमा निरङ्कुशतामा फर्कन नदिन व्यापक सुधारको आवश्यकता रहेको बताउनुभएको छ।

# भारतीय धार्मिक समारोहमा प्लेटफर्म भत्किँदा ५ जनाको मृत्यु

एएफपी

लखनऊ ।उत्तरी भारतमा मङ्गलबार धार्मिक जमघटका क्रममा काठको प्लेटफर्म भत्किँदा कम्तीमा पाँच भक्तजनको मृत्यु भएको र ४० जना घाइते भएको एक अधिकारीले बताएका छन्।

यो घटना राजधानी नयाँदिल्लीको उत्तरमा रहेको बागपत जिल्लामा भएको हो। त्यहाँ जहाँ जैन धर्मका सयौं भक्तजन मिठाई चढाउन एक मन्दिरमा भेला भएका थिए।

"एउटा काठको संरचना भत्किँदा पाँच जनाको मृत्यु भएको छ", जिल्ला प्रशासक अस्मिता लालले भन्नुभयो, "अन्य ४० जना घाइते भएका छन्, तीमध्ये २० जनालाई प्राथमिक उपचारपछि घर पठाइएको छ ।"जैन देवता आदिनाथको मोक्षको स्मरणमा हरेक वर्ष यस पर्वको अवसरमा यो प्लेटफर्म निर्माण गरिने एनडिटिभी समाचार नेटवर्कले जनाएको छ ।"पुजारीहरू लड्डु (मिठाई) चढाउन गएका थिए र प्लेटफर्म त्यसमाथि रहेका सयौं भक्तजनसहित भत्कियो", भक्तजनमध्ये एक राकेश जैनले प्रसारणकर्तालाई भन्नुभयो।

भीड व्यवस्थापन र सुरक्षा कमजोरीका कारण प्रमुख धार्मिक पर्वहरूको समयमा भारतका पूजास्थलहरूमा घातक दुर्घटनाहरू सामान्य छन् ।गत वर्ष उत्तर प्रदेश राज्यमा एक धार्मिक प्रवचनको अन्त्यमा भएको भागदौडमा १२१ जनाको मृत्यु भएको थियो ।अर्को घटनामा सन् २०१६ मा दक्षिणी केरल राज्यको एक मन्दिरमा हिन्दू नयाँ वर्षको अवसरमा प्रतिबन्धित आतसबाजी प्रदर्शनका कारण भएको विशाल विस्फोटमा ११२ जनाको मृत्यु भएको थियो।

# तरकारी र फलफूलको यस्तो छ मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले मङ्गलबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

मंगलबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु २५, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु ३०, आलु रातो प्रतिकेजी रु ४२, आलु रातो



(भारतीय) प्रतिकेजी रु ३८, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६८, गाजर (लोकल) प्रतिकेजी रु ५०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १५, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १२, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १२, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु १५, पालुङ्गो साग प्रतिकेजी ४०, चमसुरको साग रु ४०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३२० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ८०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १३०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ५०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ६५, लसुन हरियो प्रतिकेजी रु ८०, हरियो धनिया प्रतिकेजी रु ४०, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# यस्तो छ विदेशी मुद्राको मूल्य

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले मंगलबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको मूल्य मंगलबार पुनः बढेको छ। यस्तै, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्वस फ्र्याङ्कको पनि मूल्य बढेको छ। केन्द्रीय बैङ्कका अनुसार आजका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ ८६ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ ४६ पैसा तोकिएको छ।

एक युरोको खरिददर एक सय ४४ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ५६ पैसा, स्टर्लिङ पाउण्ड एकको खरिददर एक सय ७२ रुपैयाँ ४३ पैसा र बिक्रीदर एक सय ७३ रुपैयाँ १८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५३ रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ५४ रुपैयाँ ३४ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ८७ रुपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९३ रुपैयाँ तीन पैसा र बिक्रीदर ९६ रुपैयाँ ४५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ ६४ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ नौ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ९६ पैसा र बिक्री दर नौ रुपैयाँ, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ एक पैसा र बिक्रीदर १९ रुपैयाँ नौ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ८१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९८ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १० पैसा र बिक्रीदर चार रुपैयाँ १२ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ५३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३१ रुपैयाँ ६२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६३ पैसा र बिक्रीदर नौ रुपैयाँ ६७ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५९ पैसा र बिक्रीदर १२ रुपैयाँ ६५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४२ पैसा र बिक्री दर १९ रुपैयाँ ५१ पैसा तोकिएको छ ।रासस

# सुन्तलाले फेरिएको बाँसखर्कको पहिचान




म्याग्दी । पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा ५२ वर्षअघि बलबहादुर अर्मजा र बलबहादुर खत्रीले सुन्तलाका बिरुवा लगाउँदा तप्केनी भई खेतीबाली बिग्रन्छ भनेर छिमेकीले उखेलेर फालिदिएका थिए।

बाँसखर्कमा व्यावसायिक सुन्तलाखेती भित्र्याउँदा काँडा रोपेर खेतबारी बिगार्न खाजेको आरोप खेपेका उहाँहरु अहिले जीवित नरहे पनि समाजले सम्झिरहेको छ । अर्मजा र खत्रीको गाउँलाई समृद्ध, आत्मनिर्भर बनाउने पाँच दशकअघिको योजनाको लाभ उहाँका सन्ततिले मात्र नभएर सिङ्गो बाँसखर्कका बासिन्दाले लिएका छन् । सुन्तलाखेतीले बाँसखर्कवासीको आर्थिक र सामाजिक हैसियत फेरिएको छ।

“हाम्रो बुबाले २०२८ सालमा रोपेको सुन्तलाको बिरुवा उखेलेर फालिदिएछन्, पछि २०३२ सालमा ल्याएर रोपेको बिरुवाले अहिले पनि फल दिइरहेको छ,” बलबहादुर खत्रीका छोरा नरबहादुरले भन्नुभयो, “बुबा बितेर गएको २२ वर्ष भयो, मैले र भाइले बर्सेनि रु १० देखि १३ लाखका दरले सुन्तला बेच्छौँ । बुबाको ‘पेन्सन’ हामीले खाइरहेका छौँ ।”

चौबिस वर्ष प्राथमिक तहको स्थायी शिक्षकको जागिर पूरा गरेर सेवानिवृत्त हुनुभएका ६२ वर्षीय खत्रीले सुन्तलाखेतीलाई निरन्तरता दिनुभएको छ । १९९७/९८ सालतिर बजारमारे र विरमारेमा सोखका लागि करेसाबारीमा एक/दुई बोट सुन्तला लगाउनुभएको थियो । व्यावसायिक चेतनाको विकास र कृषि विकास बैङ्कले ऋण दिन थालेपछि बाँसखर्कमा २०३० को दशकमा सुन्तलाखेती विस्तार हुन थालेको अगुवा कृषकहरु बताउँछन् ।

लुम्लेको कृषि अनुसन्धान केन्द्रमा काम गर्ने बाँसखर्कका सेवानिवृत्त गोर्खा सैनिकहरुको पहलमा सुन्तलाका बिरुवाको बजारीकरण हुने भएकाले केही कृषकले नर्सरी पनि सञ्चालन गरेका थिए। बलबहादुर अर्मजाले कृषि विकास बैङ्कको बेनी शाखाबाट रु एक हजार पाँच सय ऋण लिएर सुन्तलाको नर्सरी र बगैँचा स्थापना गर्नुभएको थियो। उक्त बगैँचामा अहिले सात सय फल दिने र एक सय हुर्कँदै गरेका सुन्तलाका बोट छन्।

बलहादुरका जेठा छोरा हेमबहादुरले सुन्तलाखेतीबाट छोराछोरी पढाउने, घरव्यवहार चलाउनेदेखि पोखरामा घर, घडेरी जोड्न सफल भएको बताउनुभयो । “बुबाले थाल्नुभएको खेतीले भाइले यसपालि रु ३० लाखको सुन्तला बेचेका छन्, त्यति नै सुन्तला फलेको मेरो बगैँचामा टिप्न बाँकी छ,” उहाँले भन्नुभयो, “सुन्तला बेचेरै पोखरामा रु दुई करोड ५० लाखमा घर किनेको छु।”

यस वर्ष सुन्तला बेचेर रु २३ लाख आम्दानी गरेका शान्तबहादुर छिन्तेल आफूहरुको आर्थिक हैसियतमा धेरै परिवर्तन आएको बताउनुभयो । “धान, कोदो र मकैखेती गरेर छ महिना पनि खान पुग्दैनथ्यो, छोरा, छोरी पढाउन र घरव्यवहार चलाउन विदेश जानुपर्ने बाध्यता थियो,” उहाँले भन्नुभयो, “अहिले आफू आत्मनिर्भर र स्वरोजगार भएर पनि अरूलाई समेत बगैँचामा काम दिनसक्ने भएका छौँ ।”

## पूरै गाउा सुन्तलाखेतीमा

समुन्द्री सतहदेखि एक हजार एक सयदेखि एक हजार नौ सय मिटरको उचाइमा रहेको बाँसखर्कका दुई सय ३९ घरपरिवार मध्य मालगाउँ र घुमाउने तालबाहेकको बस्तीका दुई सय बढी घरपरिवारले सुन्तलाखेती गरेका छन् । मलगाउँमा किवीखेती पनि सुरु गरिएको छ।

देशका अन्य ठाउँका बगैँचामा निखिएपछि माघ महिनादेखि बाँसखर्कका बगैँचामा सुन्तला टिप्न थाल्छन् । भिरालो पाखामा रहेको बाँसखर्कको बगैँचा लटरम्म फलेका पहेरपुर सुन्तलाले रङ्गिएको छ । हाँगा नुगेर चोके लगाएर अड्याएका छन् । बाटो हिँड्दा सुन्तलाका दाना टाउकोमा ठोकिन्छन् । यही माघ महिनाको पहिलो साता गरिएको सर्वेक्षणअनुसार बाँसखर्कको एक हजार पाँच सय रोपनी क्षेत्रफलमा ५१ हजार एक सय ५१ सुन्तलाका बोट छन् । सर्वेक्षणको नेतृत्व गर्नुभएका बाँसखर्कको ज्योतिमण्डल माविका प्रअ मेखबहादुर खत्रीले यस वर्ष २६ हजार सात सय छ बोटमा रु १८ करोड ४४ लाख ४७ हजार मूल्य बराबरको सुन्तला उत्पादन भएको जानकारी दिनुभयो ।

गत वर्ष रु ११ करोड र त्यसअघिको वर्ष रु १० करोड बराबरको सुन्तला बिक्री भएको थियो । क्षेत्रफल विस्तार, फल लाग्ने नयाँ बिरुवा थपिएको, बगैँचा व्यवस्थापन, अनुकूल मौसम, दाना झर्ने समस्या कम भएको र दाना धेरै लागेकाले उत्पादन बढेको हो । “थप २४ हजार चार सय ४५ सुन्तलाको बोट बगैँचामा हुर्किरहेका छन्,” खत्रीले भन्नुभयो, “सुन्तलाखेतीबाट एउटा परिवारले वार्षिक रु चारदेखि ४० लाखसम्म आम्दानी गर्छन् ।” सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ।

बाँसखर्कका किसानले धान, कोदो, मकै, गहुँखेतीको विकल्पमा सुन्तलाखेती गरेका छन् । पहिले बाँसको जङ्गल भएको र हिउँदमा गाईभैँसी र भेडाबाख्राको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किंवदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ।

सुन्तला बगैँचा अवलोकन गर्न पर्यटकहरु आउँछन् । म्याग्दी र पर्वतलाई समेटिएको अन्नपूर्ण-धौलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशविन्दु बाँसखर्क हो । माथिल्लो बाँसखर्कमा घरबास (होमस्टे) पनि सञ्चालन भएको छ।

## सुन्तलाबाट स्वरोजगार र आत्मनिर्भर

बाँसखर्कवासीले सुन्तलाखेतीको विकल्प देख्न छाडिसकेका छन्। अठार वर्ष कतारमा काम गरेर फर्किएका बाँसखर्कका ४२ वर्षीय जीवन न्यौपानेले वार्षिक रु १५ लाखसम्मको सुन्तला बिक्री गर्नुहुन्छ । रोजगारीको खोजीमा २० वर्षको उमेरमा विदेसिनु भएका उहाँले सुन्तलाले आम्दानी दिन थालेपछि प्रवासी बन्नु नपरेको बताउनुभयो। “तीन सय बोट सुन्तलाबाट वार्षिक रु १२ देखि रु १५ लाख आम्दानी हुन्छ,” उहाँले भन्नुभयो, “सुन्तलाखेती गर्न थालेपछि विदेश जानु परेन, छोराछोरीलाई राम्रो विद्यालयमा पठाएर गाउँमा सम्मानित जीवनयापन गर्न पाएकामा सन्तुष्ट छु।”

स्नातक तहको शिक्षा हासिल गर्नुभएका बाँसखर्ककै ३८ वर्षीय राजन केसीले पनि बाबुबाजेले गरिरहेको सुन्तलाखेतीलाई विस्तार गरेर स्वरोजगार बन्नुभएको छ । राजनको ३८ रोपनी क्षेत्रफलमा रहेको बगैँचामा एक हजार दुई सय सुन्तलाका बोट छन् । उहाँको बगैँचामा यस वर्ष रु ३५ लाख मूल्यको सुन्तला फलेको अनुमान गरिएको छ । “सँगै उच्च शिक्षा हासिल गरेका केही साथी शिक्षक र सरकारी जागिरे छन्, धेरै विदेश गएका छन्,” राजनले भन्नुभयो, “बुबाबाजेले गर्नुभएको सुन्तलाखेतीलाई निरन्तरता दिएकाले मलाई रोजगारी खोज्न र विदेश जानु परेको छैन ।”

बाँसखर्ककै युवा रमेश खत्री पनि बेनीमा फेन्सी व्यवसायसँगै गाउँमा सुन्तलाखेती गरेर स्वरोजगार बन्नुभएको छ। बुबालाई सुन्तलाखेतीमा साथ दिएका रमेशले विदेश जाने र अन्यत्र रोजगारी गर्ने योजना नरहेको बताउनुहुन्छ। जीवन, राजन र रमेश जस्तै बाँसखर्कका धेरै युवालाई सुन्तलाखेतीले स्वरोजगार, आत्मनिर्भर बनाउनाका साथै आम्दानी र रोजगारीका लागि विदेसिनुपर्ने बाध्यताको अन्त्य गरेको छ। वडाध्यक्ष जगबहादुर रोकाले विदेशबाट फर्किएका र गाउँमै भएका युवाहरुले व्यावसायिक सुन्तलाखेती गरेर स्वरोजगार बनेको बताउनुभयो । “सुन्तलाखेतीका कारणले हाम्रो वडाबाट बसाइँसराइ गरेर अन्यत्र जाने र विदेसिने समस्या कम छ,” उहाँले भन्नुभयो, “कतिपयले सहर र विदेशबाट समेत गाउँ फर्किएर सुन्तलाखेती गरेका छन।”

## ‘ब्रान्ड’ बनेको बासखर्कको सुन्तला

स्वादिलो र रसिलो हुने भएकाले बाँसखर्कको सुन्तला बजारमा ‘ब्रान्ड’ बनेको व्यापारी श्रीप्रसाद खत्रीले बताउनुभयो । पोखरा, काठमाडौँ, नारायणघाट, बुटवल, मुग्लिनबजारमा बाँसखर्कको सुन्तला खपत हुने उहाँले बताउनुभयो। बेनी, बागलुङ र कुश्मा बाँसखर्कको सुन्तलाको नजिकको बजार हो । जहाँ लगे पनि बाँसखर्कको सुन्तला भनेपछि बजारको समस्या नहुने व्यापारीहरुले बताएका छन्।

उत्तरी मोहडातर्फ भिरालो जमिनमा फैलिएको बाँसखर्क सुन्तलाखेतीका लागि उत्तम रहेको गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताउनुभयो । “यहाँको मुख्य विशेषता भनेको हिमालतिर फर्किएको जमिन छ, सुन्तलाखेतीका लागि सुहाउँदो हावापानी छ, कालो माटो र पारिलो ठाउँ भएकाले सुन्तलाखेती फस्टाएको छ”, करिब एक दशक पर्वतमा बिताउनुभएका उहाँले भन्नुभयो, “अन्यत्र बगान रित्तिसक्दा पनि बाँसखर्कमा माघ/फागुनसम्मै सुन्तला रहन्छ।”

अनुकूल भूगोल, सडक विस्तार, खाद्यान्नबालीको तुलनामा धेरै गुणा बढी आम्दानी हुने, बजारको सुविधा, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण सुविधा र सरकारी निकायको प्राविधिक सहयोगका कारण बाँसखर्कका कृषक सुन्तलाखेतीमा आकर्षित भएका अगुवा कृषक जगतबहादुर खत्रीले बताउनुभयो। कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला ‘जोन’, जलजला गाउँपालिकाको कृषि शाखाले बाँसखर्कमा सुन्तला नर्सरी स्थापना, बिरुवा वितरण, साना सिँचाइ, चिस्यानगृह निर्माण र सुन्तला बजारीकरणमा सघाएका छन् ।

## ‘बासखर्क’ सुन्तलाको रैथाने जात

धौलागिरि क्षेत्रमा खेती हुने सुन्तलाको जातलाई नेपाल कृषि अनुसन्धान परिषद् नार्कले २०८० सालमा रैथाने ‘बाँसखर्क’ जातको ‘उन्मोचन’ (मान्यता) दिएको छ । जलजला गाउँपालिकाको कृषि शाखाका प्रमुख राजुप्रसाद गौतमले नेपालमा हाल खेती भइरहेका सुन्तलाका अन्य जातभन्दा फरक विशेषता भएको आधारमा बाँसखर्कको सुन्तलालाई रैथानेको मान्यता दिएको बताउनुभयो ।

राष्ट्रिय फलफूल बाली विकास केन्द्रका अनुसार नेपालमा यसअघि धनकुटा (खोकु) स्थानीय, ओकित्सुवासे, मियागावा वासे, मरकट, योशिदा पोङकान, ओता पोङकान, किन्नो जातको सुन्तलाखेती हुने गरेको थियो । राष्ट्रिय सुन्तला जात अनुसन्धान कार्यक्रम धनकुटामा बाँसखर्कबाट लगिएको जातलाई अन्य २० जातका सुन्तलासँग तुलनात्मक अध्ययन गरिएको थियो।

एक हजारदेखि एक हजार छ सय मिटरको उचाइ भएको पाखो जग्गामा खेतीका लागि बाँसखर्क जातको सिफारिस भएको छ। यसअघि सिफारिस भएको खोकु स्थानीयभन्दा बढी उत्पादन दिने र करिब १५ दिन छिटो पाक्नेमध्ये मौसमी जात भएको अनुसन्धानमा संलग्न टोलीले पहिचान गरेको छ। दानाका लागि ‘ब्रान्ड’ बनेको बाँसखर्कको सुन्तलाले रैथाने जातको मान्यता पाएपछि यसको बिरुवाको माग बढेको छ।

कृषि अनुसन्धान निर्देशनालय, लुम्लेले ३०औँ वर्षदेखि र केही नर्सरीहरुले समेत यसै जातको कलमी बिरुवा उत्पादन गरी बिक्री वितरण गरिरहेका थिए । यो जातको सुन्तलाको दानाको तौल करिब एक सय ग्राम र कुल धुलनशील पदार्थ (गुलियोपना) १२ प्रतिशतसम्म पाइन्छ । जुन अन्य जातको तुलनामा बढी हो। यो जातमा क्याङ्कर र डाँठमा प्वाल पर्ने कीरोको प्रकोप कम हुने बताइएको छ।

## समस्या पनि नभएका होइनन्

विसं २०६५ मा बाँसखर्कमा जोडिएको कच्ची सडक स्तरोन्नति नहुनु, सहज सिँचाइका लागि व्यवस्थित संरचनाको अभाव, प्राविधिक जनशक्तिको कमी, मलखाद र बगैँचाको बीचमा रहेको विद्युत्को नाङ्गो तार सुन्तलाखेतीमा देखिएको चुनौती तथा समस्या हुन् । मोहनचोक-मल्लाज-बाँसखर्क र वारिबेनी-मल्लाज-बाँसखर्क जोड्ने सडक घुमाउरो छ । स्थानीयवासीको अगुवाइमा एक दशकअघि मार्ग खोलिएको आठ किलोमिटर दूरीको बेनी-बगरफाँट-बाँसखर्क सडक स्तरोन्नति नहुँदा ठूला सवारीसाधन बगानसम्म पुग्न नसक्दा सुन्तला ढुवानी गर्न समस्या भएको छ। ट्र्याक्टर र जिपबाट कच्ची सडकमा सुन्तला ढुवानी गर्दा च्यापिएर नष्ट हुने गरेको छ।

बाँसखर्कको माथिल्लो भेगबाट मल्लाज सिँचाइ आयोजनाको नहर भए पनि हिउँदमा पानी नआउँदा सिँचाइ गर्न समस्या भएको छ । मुहान भएको म्याग्दीको अन्नपूर्ण गाउँपालिकासँग समन्वय गरेर हिउँदमा पनि पानी ल्याउन र शाखा पाइपलाइन तथा ट्याङ्की बनाएर सुन्तला बगैँचामा सिँचाइको व्यवस्था मिलाउन कृषकहरुले माग गरेका छन् ।

बाँसखर्कमा आठ वर्षअघि निर्माण भएको चिस्यानगृह नियमित विद्युत् आपूर्ति नहुँदा प्रयोगमा आउन सकेको छैन । सुन्तलाको बगैँचाको बीचमा रहेको बिजुलीको नाङ्गो तारका कारण दुर्घटनाको जोखिम छ । बरानीको पहिरो यहाँको अर्को समस्या हो । सुन्तलाखेतीसम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्ने कृषि प्राविधिकको गाउँमा नियमित उपस्थिति, प्राङ्गारिक र रासायनिक मल तथा सुन्तला बगैँचा व्यवस्थापनका क्रममा बिरुवाका लागि आवश्यक पौष्टिक तत्वको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । दाना झर्ने समस्या न्यूनीकरण गर्न प्रोट्रिन वेट छर्ने, भरेका दानालाई प्लास्टिकका बोरामा राखेर सुरक्षित व्यवस्थापन र बगैँचा व्यवस्थापनमा निरन्तरता दिनुपर्ने देखिन्छ।

## समाधानका लागि पहल

बाँसखर्कको सम्भावना उजागर गराउन र समस्याको विषयमा माथिल्लो निकायको ध्यानाकर्षण गराउन गण्डकी प्रदेशका मुख्यमन्त्री, मन्त्री र सांसदहरुको उपस्थितिमा यही माघ ११ गते बाँसखर्कमा सुन्तला महोत्सव गरिएको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । “बाँसखर्कमा सुन्तलाखेतीको प्रशस्त सम्भावना छ तर यहाँको सडक, सिँचाइ, विद्युत्, पहिरो नियन्त्रणको समस्या समाधान गर्ने सामर्थ्य गाउँपालिकासँग छैन,” उहाँले भन्नुभयो, “विकासमा पछि परेको बाँसखर्कको समस्याका बारेमा सरोकारवालालाई ध्यानाकर्षण गराउने उद्देश्यले महोत्सव गरिएको हो।” मुख्यमन्त्री सुरेन्द्र पाण्डे, कृषि, सहकारी तथा भूमि व्यवस्थामन्त्री पद्मा जिसी श्रेष्ठ, उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल र सांसदहरुले बाँसखर्क जोड्ने सडक स्तरोन्नति, सिँचाइ सुविधा, सुन्तलाखेती विस्तार र बजारीकरणमा सघाउने प्रतिबद्धता जनाउनुभयो । “सुन्तला ढुवानीका लागि तपाईंहरुले व्यहोर्दै आइरहेको समस्यालाई हामी छिट्टै सम्बोधन गर्नेछौँ,” मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “यो वर्ष पनि जलजला गाउँपालिकाको विभिन्न पूर्वाधार योजनाका लागि प्रदेश सरकारले रु ११ करोड बजेट विनियोजन गरेको छ।”

कृषिमन्त्री श्रेष्ठले सुन्तलाखेती विस्तार र बजार प्रवर्द्धनका लागि बाँसखर्कलगायत जलजला गाउँपालिकामा पहाडी काष्ठफल विकास परियोजना (नाफा) लागू भएको र यसमार्फत कृषकहरुलाई विभिन्न शीर्षकमा अनुदान दिइने बताउनुभयो । बाँसखर्क र आसपासको क्षेत्रमा सुन्तलाखेती विस्तार, बजार व्यवस्थापन, सहज ढुवानीका लागि सडक स्तरोन्नति, पहिरो नियन्त्रण, सिँचाइको व्यवस्थापन गर्न सकेमा बाँसखर्क नमूना कृषि गाउँका रुपमा विकास हुने प्रशस्त सम्भावना छ ।रासस

> बलबहादुर अर्मजाले कृषि विकास बैङ्कको बेनी शाखाबाट रु एक हजार पाँच सय ऋण लिएर सुन्तलाको नर्सरी र बगैँचा स्थापना गर्नुभएको थियो । उक्त बगैँचामा अहिले सात सय फल दिने र एक सय हुर्कँदै गरेका सुन्तलाका बोट छन् । बलहादुरका जेठा छोरा हेमबहादुरले सुन्तलाखेतीबाट छोराछोरी पढाउने, घरव्यवहार चलाउनेदेखि पोखरामा घर, घडेरी जोड्न सफल भएको बताउनुभयो ।

# कृषकलाई २५ प्रतिशत छुटमा चैते धानको बीउ

बनियानी । जिल्लाको कचनकवल गाउँपालिकाका कृषकलाई २५ प्रतिशत छुटमा सोमबार चैते धानको उन्नत बीउ वितरण गरिएको छ। मंगलबार आयोजित कार्यक्रममा ६० जना कृषकलाई २५ प्रतिशत छुटमा ‘हल्दिनाथ-१’ जातको उन्नत धानको बीउ वितरण गरिएको हो।

बीउ वितरक फार्म (एग्रो)का प्रमुख मानप्रकाश सङ्गौलाले दुई हजार चार सय किलो धानको बीउ छुटमा वितरण गरिएको बताउनुभयो। हल्दिनाथ-१ धानको बीउ स्थानीय मौसम र माटोको अनुकूल भएकाले कृषकले उत्पादन वृद्धि गर्नसक्ने उहाँको भनाइ छ। “उन्नत जातको बीउ उपलब्ध गराएर कृषकलाई उत्पादन वृद्धि गर्न प्रोत्साहन गर्दै आएका छौँ”, उहाँले भन्नुभयो, “यसबाट कृषकले राहत पाउनुका साथै कृषि कर्ममा लाग्न सहयोग पुग्ने विश्वास छ।”



गत वर्ष एग्रोले वितरण गरेको बीउबाट बढी धान उत्पादन गरेका ११ जना कृषकलाई सम्मानसमेत गरिएको छ । तिलरुपा बराल, बोलप्रसाद दङ्गाल, रोमा विष्ट, पार्वता भण्डारी, शान्तकुमार ढुङ्गेल, टङ्कनाथ धमला, दुर्गा लामिछाने, यशोदादेवी निरौला, नरमाया लामिछाने, अर्पणा कट्टेल बराल र वासना ढुङ्गेललाई सम्मान गरिएको हो।

कार्यक्रममा अखिल नेपाल महिला सङ्घ कचनकवलकी अध्यक्ष उत्कृष्ट कृषक अर्पणा कट्टेल बरालले एग्रोबाट उपलब्ध बीउको प्रयोगबाट उत्पादनमा वृद्धि भएको अनुभव सुनाउनुभयो । यस्ता कार्यले कृषकलाई सहयोग हुनुका कृषिमा आत्मनिर्भर हुन प्रोत्साहन गर्ने उहाँको भनाइ छ।

किसानको मेहनतले मात्र उत्पादन वृद्धि नहुने भएकाले उन्नत बीउ प्रयोगले उत्पादनमा सकारात्मक परिणाम आउने स्थानीय लक्ष्मी बजगाईंले बताउनुभयो । रासस

# चुरे संरक्षण मधेशको सर्वाधिक चासो



**टुडे समाचारदाता**

जलेश्वर । मधेशको समृद्धिका लागि चुरे संरक्षणको अपरिहार्यता भएको विज्ञहरुले औंल्याएको छ ।

विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशले बर्दिबासमा आयोजना गरेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्यसूची अनुसारको दुईदिने 'चुरे संरक्षण र विकाससम्बन्धी प्रशिक्षण' कार्यक्रममा चुरे तथा जलाधारविज्ञहरुले चुरेसँग मधेशको आम जीवन पद्धति नै गाँसिएको हुँदा यसको संरक्षणमा सर्वपक्षीय चासोको आवश्यकता विज्ञले औंल्याएको छ ।

सो कार्यक्रमा मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साहले ऊर्जा, खानेपानी, वातावरण र सिँचाइसहितका मधेशका जनताको आम जीवनसँग जोडिएका विषय चुरेसँग अन्योन्याश्रित हुँदा यसको संरक्षण पहिलो प्राथमिकता दिनुपर्ने बताए । यसका लागि व्यक्ति-व्यक्तिमा चुरे चासो जगाउन आवश्यक रहेको उनले बताए ।

सो प्रशिक्षण कार्यक्रममा विज्ञ डा. नागेन्द्रप्रसाद यादवले चुरे संरक्षणको मुद्दालाई मजबुती साथ उठाउन पहिले समस्याको पहिचान स्पष्ट रुपमा गरिन आवश्यक रहेको औंल्याए। चुरेका समस्या दीर्घकालीन समाधान गर्न तीनै तहका सरकार र सम्बद्ध सरोकारवालाले योजनाबद्ध कार्यक्रम बनाएर कार्यान्वयनमा जानुपर्ने डा. यादवले सुझाव दिए । चुरे क्षेत्र प्राकृतिक सम्पदाको भण्डार रहेको हुँदा मानव हितमा यिनको उपयोगको स्पष्ट नीति बन्नुपर्ने र सो अनुरुप कार्यान्वयन हुनुपर्नेमा डा. यादवको जोड दिए ।

सो कार्यक्रममा चुरे तथा जलवायुविज्ञ डा विनोद भट्टले 'चुरे संरक्षणः कसको चासो, कसको जिम्मेवारी' विषय केन्द्रित कार्यपत्र नै प्रस्तुत गरेका थिए । विश्वव्यापी जलवायु परिवर्तनको असरले चुरे वन तथा जलाधार क्षेत्रमा पारेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न चुरे संरक्षण र व्यवस्थापनका क्षेत्रमा स्थानीयस्तरमा भएका असल सिकाइका अभ्यासबारे चुरे विज्ञ नागदेव यादवले जानकारीमूलक कार्यपत्र प्रस्तुत गरे। चुरे श्रृंखलामा भएका खोल्सी नियन्त्रण, पानी पुनर्भरणका पोखरी निर्माण, पहिरो नियन्त्रण र वृक्षरोपणसहितका गतिविधिबारे उल्लेख छ ।

विज्ञहरुले मधेशमा चुरे संरक्षण विषय प्रायोगिक विज्ञानमा आधारित हुनपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका सचिव डा. रवीन्द्रप्रसाद ढकालले प्रतिष्ठान स्थापनाकालयताका ४४ वर्षमा हासिल गरेका उपलब्धि सोझै जनसम्बन्धित बनेका उल्लेख गरे । ब्रिकेट, सौर्य ऊर्जा, इमेलको प्रयोग, इकोसिस्टम र खाद्यवस्तुको परीक्षण र मिचाहा वनस्पति व्यवस्थापन मुख्य काम भएका उनले बताए ।

सो प्रशिक्षण कार्यक्रममा 'चुरे संरक्षण नीति, अवस्था, सवाल र समाधानका उपाय' विषयक कार्यपत्र चुरेविज्ञ डा नागेन्द्रप्रसाद यादवले प्रस्तुत गरे । दुईदिने प्रशिक्षण कार्यक्रम विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशको व्यवस्थापन समितिका अध्यक्ष प्राडा पारसनाथ यादवको अध्यक्षतामा सम्पन्न भएको छ ।

प्रशिक्षणका सहभागीलाई चुरे संरक्षणका असल अभ्यास भएका केही ठाउँको अवलोकन गराइएको छ । बर्दिबास-१ को पानीखोल्सी व्यवस्थापन र गौशाला-८ स्थित कुष्माढीको बगरखेतीको अवलोकन सहभागीले गरे ।

# शहीद दुर्गानन्द झाः माफी नमागी मृत्यु स्वीकारे

**मुलुकमा गणतन्त्रात्मक व्यवस्था ल्याउने सपना देखेका दुर्गानन्द झालाई २१ वर्षको उमेरमा मृत्युदण्ड दिइएको थियो । गणतन्त्रका लागि सहादत दिएको भन्दै दुर्गानन्दप्रति सम्मान व्यक्त गर्न हरेक वर्ष माघ १५ मा बलिदानी दिवस मनाइन्छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन पञ्चायती सरकारले दुर्गानन्द झालाई मृत्युदण्ड दिएको दिनको रुपमा स्मृति गर्दै बलिदानी दिवस मनाइएको छ । मुलुकमा गणतन्त्रात्मक व्यवस्था ल्याउने सपना देखेका दुर्गानन्द झालाई २१ वर्षको उमेरमा मृत्युदण्ड दिइएको थियो । गणतन्त्रका लागि सहादत दिएको भन्दै दुर्गानन्दप्रति सम्मान व्यक्त गर्न हरेक वर्ष माघ १५ मा बलिदानी दिवस मनाइन्छ ।

उनको जन्म धनुषाको जटही हाल नगराइन नगरपालिकामा १९९४ वैशाख १४ गते भएको थियो । बुबा देवनारायण झा र आमा सुकुमारीदेवी झाका एकमात्र छोरा दुर्गानन्द झा नै थिए ।

शहीद दुर्गानन्दले २०१८ सालमा तत्कालीन राजा महेन्द्रको गाडीमा बम फ्याँकेर पहिलो पटक नेपालमा गणतन्त्रका लागि आवाज उठाएका थिए । तत्कालीन राजामाथि बम प्रहार गरेको कसुरमा उनलाई तत्कालीन पञ्चायत प्रशासनले २०२० माघ १५ गते फाँसी दिएको थियो ।



दुर्गानन्दले यसरी बलिदान दिएको ४५ वर्षपछि मात्रै देशमा गणतन्त्र आएको छ । २०७२ फागुन १९ गते मात्रै राज्यले दुर्गानन्दलाई शहीद घोषणा गरेको थियो ।

दुर्गानन्द शहीद घोषणा भए पनि गणतान्त्रिक सरकारको प्राथमिकताबाट भने अझैं पनि ओझेल पर्दै आएका छन् । गणतन्त्र आएपछि कांग्रेस र कम्युनिस्ट दुवैले सरकारको नेतृत्व गरे, मधेश केन्द्रित दलहरूले सरकार चलाए, तर दुर्गानन्दको परिवारले शहीद परिवारसरह सम्मान पाएका छैनन् । राजाको खिलाफमा चुइँक्क बोल्न साहससम्म नगर्ने समयमा राजा चढेको गाडीमै बम खसालेर गणतन्त्रको बिगुल फुँक्ने व्यक्तिको योगदानको कदर नहुनु दुःखद रहेको पुराना राजनीतिज्ञ खुसीलाल मण्डलले बताए ।

त्यति बेला दुर्गानन्दले गणतन्त्रको माग गर्दै बम प्रहार गरे पनि राजा महेन्द्रको ज्यान नै लिन त्यसो नगरिएको जानकारहरू बताए ।

उनले भने, 'त्यो बेला राजाबिनाको 'तन्त्र'कल्पना गर्नु पनि अपराध करार हुने समय थियो । त्यसैमा राजामाथि नै बम फ्याँक्नु कम्ती साहस थिएन,' उनी अघि थप्दै भन्छन्, 'राजा चाहिँदैन भन्ने सन्देश दुर्गानन्दले त्यति बेला नै प्रदर्शन गरेका थिए ।'

धनुषाको विभिन्न स्थानहरूमा कार्यक्रम आयोजना गरी शहीद दुर्गानन्द झाको स्मृति दिवस मनाइएको छ ।

धनुषाको नगराइन नगरपालिकास्थित राघोपुरमा प्रदीप कुमार चौधरीको अध्यक्षतामा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

त्यस्तै जटहीस्थित शहीद दुर्गानन्द झा द्वारमा पनि माल्यार्पण गरी बलिदानी दिवस मनाइएको छ । भने जनकपुरधाममा पनि शहीद दुर्गानन्द झा अनुसन्धान केन्द्रद्वारा बलिदानी दिवस मनाइएको छ ।

सो अवसरमा शहीद दुर्गानन्द झाको बलिदानले नेपालको लोकतान्त्रिक आन्दोलनको बारेमा चर्चा गरेका थिए ।

# शहीद सूर्यनाथ अस्पताल सञ्चालनको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिका-८ स्थित डुमरियामा नौ वर्षदेखि अलपत्र अवस्थामा रहेको सहिद सूर्यनाथ राण स्मृति अस्पताल सञ्चालनमा ल्याउन स्थानीयले माग गरिएको छ ।

पूर्वी भेगका बासिन्दालाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले २०७२ सालमा निर्माण गरिएको सो अस्पताल सम्बन्धित निकायको बेवास्ताका कारण अलपत्र बनेको छ ।

स्थानीय बासिन्दाले अस्पताल सञ्चालनको माग गर्दै पटक पटक प्रदर्शन गर्दै आएका छन् । पछिल्लो एक सातादेखि जनमत पार्टीका कार्यकर्ताले अस्पताल सञ्चालनको माग गर्दै विरोध प्रदर्शन गर्दै आएका छन् । भदौं १८ गते डुमरियाका स्थानीयले सो अस्पताल सञ्चालनका लागि मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको ध्यानाकर्षण गराएका थिए ।

प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिएर अस्पताललाई ५० शैयूयाका रूपमा सञ्चालनका लागि अनुमति दिने निर्णय मन्त्रिपरिषद्बाट निर्णयसमेत गरेको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. सञ्जय ठाकुरले सञ्चालन गर्ने निर्णय भए पनि चिकित्ससहितका आवश्यक जनशक्ति नभएकाले अस्पताल सञ्चालन हुन नसकेको बताए । आवश्यक जनशक्ति व्यवस्थापनको काम भइरहेको उनले जानकारी दिए । अस्पताल चार करोड रुपैयाँको लागतमा निर्माण भएको छ । १५ वर्षअघि तत्कालीन स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले सो अस्पतालको शिलान्यास गर्नुभएको थियो । अस्पतालका लागि स्थानीय १५ जनाले करिब दुई बिघा जग्गा दान गरेका थिए ।

स्थानीयका अनुसार २०७२ सालमा निर्माणको काम सकिए पनि अस्पताल सञ्चालनको विधि र प्रक्रिया अझै अन्योलमै रहेको छ । प्रदेश सरकारले स्वास्थ्य उपकरण र औषधी पठाए पनि अस्पताल सञ्चालनमा आउने आश छैन ।

# जनप्रतिनिधि विरुद्ध झुटा मुद्दा लगाएको भन्दै जनसभा

**टुडे समाचारदाता**

मलंगवा । सरकारले बागमती नगरपालिकाका जनप्रतिनिधि विरुद्ध झुटा मुद्दा लगाउने प्रपञ्च रचेको भन्दै माओवादी केन्द्र सर्लाहीले विशाल जनसभा सम्पन्न गरेको छ ।



माओवादी केन्द्र सर्लाहीले मंगलबार बागमती नगरपालिका स्थित पुतली चोकमा भव्य जनसभा सम्पन्न गरेको हो । बागमती नगरपालिकाका मेयर भरत कुमार थापा, उपमेयर लिला कुमारी मोक्तान लगायतलाई राजनीतिक प्रतिशोध साधेर झुटो वन मुद्दा लगाउने सरकारले तयारी गरेको माओवादी केन्द्रको आरोप छ । सोही योजनाको विरोधमा दिउसो दुई घण्टा पुर्व पश्चिम लोकमार्ग बन्द गरेर जनसभा गरेको पार्टीले जनाएको हो ।

विशाल जनसभालाई नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा मधेश प्रदेश इन्चार्ज लिलामणि पोखेल लगाएत पार्टीका नेताहरुले सम्बोधन गरेका थिए । अहिलेको सरकार आफै भ्रष्टाचारमा लिप्त भएर विकास प्रेमी प्रतिनिधिलाई राजनीतिक प्रतिशोध साधेर मुद्दा मामलामा फसाउनु खोजे आफूहरुलाई सह्य नहुने उनले बताए । आफ्नो पार्टीको सरकारले भ्रष्टाचारको फाइल खोल्न थालेपछि आत्तिएर एमाले र कांग्रेसले गठवन्धन गरेको कुरा छर्लङ्ग रहेको उनको दावी थियो ।

अहिलेको सरकारले पूजीपतिकै स्वार्थ पुरा हुने गरी भूमि सम्बन्धी विधेयक अध्यादेशबाट ल्याएको उनको भनाइ छ । यसले सुकुम्बासीलाई कुनै सुविधा नदिने भन्दै यसले सहर बजारमा सरकारी जग्गा अतिक्रमण गरेर ७/८ तलाका घर ठड्याउनेको पक्षमा वकालत गर्ने दावी गरे । सभालाई सम्बोधन गर्नुहुदै नेता पोखरेलले आफूहरु सरकारको भष्ट्र रबैया टुलुटुलु हेरेर नबस्ने बताए ।

माओवादीलाई मुद्दामामलामा फसाउन सकिन्छ भनेर मनलाग्दी गर्न खोजे सशक्त आन्दोलन गर्न तयार रहेको उहाँको भनाइथियो ।

बागमती, हरिवन, बरहथवा लगायत जिल्लाका विभिन्न स्थानबाट हजारौंको संख्यामा माओवादी समर्थित नेता कार्यकर्ता जनसभामा सहभागि हुन आएका थिए । माओवादी केन्द्रले पूर्व पश्चिम लोकमार्ग बन्द गरेर जनसभा सुरु गरेपछि यातायात यात्रुहरुलाई वैकल्पिक मार्ग प्रयोग गरेर गन्तब्य तर्फ पठाइएको थियो । आयोजित जनसभा आशपासमा सुरक्षाका लागि बिहानै देखी नेपाल प्रहरी र सशस्त्र प्रहरी ठुला संख्यामा परिचालन गरिएको थियो ।

पूर्व निर्धारित कार्यक्रम अन्तरगत शनिवार हजारौंको संख्यामा बागमती देखी फुलजोर पुल सम्म मोटरसाइकल र्याली गरी डिभिजन वन कार्यालयमा केहीबेर धर्ना र सोमबार साझ जिल्लाका विभिन्न स्थानमा मसाल जुलुस प्रदर्शन गरिएको नेकपा माओवादीका जिल्ला इन्चार्ज अच्युतम काफ्लेले जानकारी दिए । आफूहरूको न्यायोचित माग सम्बोधन नभए बुधबारबाट अनिश्चतकालीन जिल्ला बन्द गरिने पार्टीले चेतावनी दिएको छ ।

बागमती नगर क्षेत्रको खाली पर्ती जग्गामा सुकुम्बासी बस्ती बसाएको आरोपमा जिल्ला वन कार्यालयले थापा र मोक्तान विरुद्ध वन मुद्दा दायर गर्न लागेको भन्दै माओवादी केन्द्र आन्दोलनमा उत्रिएको छ ।

केन्द्रले यस पहिलानै जिल्ला प्रशासन कार्यालय सर्लाही, डिभिजन वन कार्यालय सर्लाही, सागरनाथ वन विकास परियोजना इश्वरपुर, मधेश प्रदेश सरकारका मुख्यमन्त्री र वन मन्त्रालयमा समेत विभिन्न माग सहित ज्ञापन पत्र बुझाएको थियो ।

# रौतहटमा एचपीभी खोप पूर्ण तयारी

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी (ह्युमन प्यापिलोमा भाइरस) खोप अभियान सञ्चालन गरिने भएको छ । कक्षा ६ देखि १० सम्म अध्ययनरत्त र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका ४९ हजार २ हजार ६९ किशोरीलाई खोप





दिइने जिल्ला स्वास्थ्य कार्यालय रौतहटले जनाएको छ ।

माघ २२ देखि फागुन ६ सम्म देशव्यापी रूपमा सञ्चालन हुने यो खोप अभियान रौतहट जिल्लामा दुई चरणमा सञ्चालन गरिनेछ। पहिलो चरण माघ २३ गतेबाट सुरु हुनेछ । जसमा फतुवा विजयपुर, मौलापुर, बौधीमाई, गढीमाई, कटहरिया, देवाही गोनाही, राजपुर, परोहा, र इशनाथ नगरपालिकाका किशोरीलाई खोप दिइनेछ। दोस्रो चरण माघ ३० गतेदेखि सुरु भएर गौर, राजदेवी, दुर्गा भगवती, यमुनामाई, माधवनारायण, गरुडा, वृन्दावन, गुजरा, र चन्द्रपुर नगरपालिकाका किशोरीलाई खोप दिइनेछ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख राजेश सिंहका अनुसार खोप कार्यक्रम सञ्चालनका लागि जिल्लाको सबै स्थानीय तहबाट तथ्यांक संकलन गरिसकिएको छ । यसका साथै, अभियानलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति र स्रोतसाधन परिचालन भइसकेको उनले बताए ।

स्वास्थ्य मन्त्रालयले १० देखि १४ वर्ष उमेरका किशोरीलाई एचपीभी भाइरसबाट सुरक्षित राख्न खोप कार्यक्रम सञ्चालन गर्न लागेको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट प्रमाणित यो खोपले पाठेघरको मुखको क्यान्सरको जोखिमलाई कम गर्नेछ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार, सामुदायिक र संस्थागत विद्यालयका करिब ३९ हजार किशोरी र विद्यालय बाहिर रहेका १० हजार भन्दा बढी किशोरीलाई यो खोप दिइनेछ ।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार नेपालमा प्रत्येक वर्ष २ हजार २ सय महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । तीमध्ये करिब १ हजार ३ सय महिलाको क्यान्सरकै कारण मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सर रोकथामका लागि यो खोप कार्यक्रम एक प्रभावकारी उपायका रूपमा लिइएको छ ।

एचपीभी खोपले किशोरीहरूलाई एचपीभी भाइरसको संक्रमणबाट जोगाई पाठेघरको मुखको क्यान्सर हुन नदिन सहयोग पुऱ्याउनेछ। किशोरीहरूको स्वास्थ्य सुरक्षाका लागि सरकारले यो कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयले खोप अभियानलाई सफल बनाउन सबै स्थानीय तह, विद्यालय, र समुदायको सक्रिय सहयोग आवश्यक रहेको बताएको छ । देशभर एकै पटक सञ्चालन हुने यो खोप अभियान किशोरीहरूको स्वास्थ्य सुरक्षाका लागि ठूलो कदम मानिएको छ ।

# वैदेशिक रोजगारीमा रहेका श्रीमानद्वारा फोनबाटै "तलाक"

**टुडे समाचारदाता**

राजविराज । विवाह दर्ता र नागरिकता बनाइदिन आग्रह गर्दा आलटाल गर्दै आएका श्रीमानलाई नन्दले खानेखुसी गर्दा तलाकको अवस्थामा पुऱ्याइदिएको एक पीडित महिलाले गुनासो गरेकी छन् ।

राजविराजमा मंगलवार पत्रकार सम्मेलनको आयोजना गरी सप्तरीको डाक्नेश्वरी नगरपालिका-७ स्थित ब्रह्मपुर सिघिंया टोलका २२ वर्षीया सनिजा खातुनले यस्तो गुनासो गरेकी हुन् ।

उनले विवाहको तीन वर्ष हुन लाग्दा पनि श्रीमान मो. आकुवले विवाह दर्ता र नागरिकता नबनाइ दिएको र सो बनाइ दिन आग्रह गर्दा "किन हतार गरेको" भन्दै रिसाउने गरेको बताइन् ।

हाल उनका श्रीमान आकुव रोजगारीका सिलसिलामा कतारमा छन् । डेढ वर्षदेखि कतारमा रहेका श्रीमानलाई नन्द मरियम खातुनले मेरो बारेमा झुटो कुरा लगाइ भड्काएको र अन्त्यमा श्रीमानले ५ महिना अघि फोनबाटै "तलाक" दिएपछि आफु विच्चलीमा परेको उनले बताइन् ।

पछिल्लो मंसिर १९ गते राति आफू गाउँको एक वैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, अंगुठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको आरोप समेत उनले लगाइन् ।

आफू विरुद्ध नन्द मरियमले समय-समयमा झुटो कुरा लगाएर श्रीमानलाई भड्काउने र अन्त्यमा श्रीमानले फोनबाटै "तलाक" दिँदा आफू घर न घाटकी भएको उनको कथन छ ।



यस विषयमा आफूले नन्द मरियम विरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी समेत दिएको उनले बताइन् । जाहेरी मार्फत घरमा चोरी गर्ने तथा आफुलाई "तलाक" सम्मको अवस्थामा पुऱ्याउने माथि कारबाही हुनु पर्ने उनले माग गरिन् ।

डेढ वर्षीय छोरा फैजान र ५८ वर्षीया आमा नजिरासंगै न्याय खोज्दै पीडिता सनिजाले विवाह भएपछि विवाह दर्ता र सन्तान जन्मेपछि जन्मदर्ता गराइदिन माग गर्नु स्वभाविक भए पनि श्रीमान र नन्दले यसलाई अपराध गरे जस्तै लिएको गुनासो गरिन् ।

भारतको विहार राज्य कुनौली ग्रामपञ्चायत डंगमारा माइती भएकी सनिजाको २०७८ साल चैत्र ८ गते मो. आकुवसंग मुस्लिम धर्म परम्परा अनुसार मौलानाको उपस्थितीमा विवाह (निकाहनामा) सम्पन्न भएको थियो । छोरीको विवाहमा आफुले १५ लाख रुपैया खर्चेको आमा नजिराले सुनाइन् ।

"विवाह भएपछि एक/डेढ वर्ष सम्म ज्वाई र घर परिवारका सबैले छोरीसंग राम्रै व्यवहार गरे । डेढ वर्ष अघि नाति फैजानको जन्म भएको थियो । त्यसपछि विवाह दर्ता र जन्मदर्ताका लागि आग्रह गर्दा छोरीमाथि नन्दबाट चुगली र यातना दिने काम सुरु भएको आमा नजिराको कथन छ ।

'नन्द मरियमकै कारण तलाक समेत दिएर छोरीलाई सम्बन्ध विच्छेदको अवस्था पुऱ्याइएको छ, अब कति हिंसा सहनु ?' आमा नजिराले आफ्नो पीडा भनिन् ।

छोरी सनिजासँग अन्याय भएको भनेर ब्रह्मपुर टोलका मुश्लिम समुदायका अगुवाहरुले साथ दिइरहे पनि हिंसा गर्ने नन्दमाथि अहिलेसम्म कुनै कारबाही भने नभएको आमा नजिराको गुनासो छ । हिंसा र "तलाक" को कुरा आएपछि आफूले सप्तरी जिल्ला अदालतमा अंश र मानाचामल मुद्दा हालेको सनिजाले बताइन् । उनले श्रीमानले दिएको तलाकनामा फिर्ता र उनीसँगै सुरक्षितसाथ बस्ने वातावरण बनाइदिने समेत सबैसँग आग्रह गरिन् ।

सो प्रकरणबारे प्रहरीमा जिज्ञासा राख्दा प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले दुबै पक्षलाई झिकाइ समस्या समाधानको प्रयास थालिएको बताए ।

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

**सार्वजनिक निकायले:**

- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

**सूचना मागकर्ताले:**

- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८